"शहिद लखनको विकास र समृद्धिको द्वार; कृषि पर्यटन र जलश्रोत मूल आधार"

शहिद लखन गाउँपालिका

गाउँ विकास योजना

आर्थिक बर्ष २०७५।०७६



शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
गण्डकी प्रदेश, नेपाल

शहिद लखन गाउँपालिका

गाउँ विकास योजना

नीति, कार्यक्रम तथा बजेट

(आर्थिक बर्ष २०७५/०७६)

शहिद लखन गाउँपालिका

गोरखा जिल्ला

गण्डकी प्रदेश

नेपाल

संरक्षक/सल्लाहकार
रमेश वावु थापा मगर
ईन्दिरा तिवारी

सम्पादक
जीवन बहादुर आले मगर

सम्पादन सहयोगी
नरेन्द्र राज घिमिरे
विष्णु थापा मगर
उमानाथ भण्डारी

कम्प्युटर टाईपिङ्ग
प्रदिप श्रेष्ठ
संजय राना मगर
गोविन्द बहादुर चौधरी

प्रकाशन मिति
२०७५

प्रकाशन संख्याः
३५० प्रति

प्रकाशन
शहिद लखन गाउँपालिका
गोरखा
गण्डकी प्रदेश
Website : www.shahidlakhanmun.gov.np
Email: sahidlakhanrm@gmail.com
कभर फोटो नेपालका प्रथम शहिद लखन थापा मगर
(जन्म : वि.सं.: १८९१-मृत्यु : वि.सं. १९३३ फागुन २ गते)

मुद्रण : मनासलु अफसेट प्रेस, हरमटारी, गोरखा

विषयसूचि

क.सं.	विवरण	पेज नं.
१	शहिद लखन गाउँ कार्यपालिका पदाधिकारीहरुको विवरण	१
२	शहिद लखन गाउँपालिका गाउँ सभाका पदाधिकारीहरुको विवरण	२
३	विषयगत समितिका पदाधिकारीहरुको विवरण	३
४	शहिद लखन गाउँपालिका कर्मचारी विचरण	४
४.१	गाउँ कार्यपालिका कार्यालय तर्फका कर्मचारी विवरण	४
४.२	वडा कार्यालय तर्फका कर्मचारी विवरण	५
४.३	निजी आवास पुननिर्माण तर्फका कर्मचारी विवरण	६
५	शहिद लखन गाउँपालिकाको परिचय	७
६	आ.व. २०७५।०७६ को नीति कार्यक्रम	८
६.१	नीति कार्यक्रम वक्तव्य	८
६.२	क्षेत्रगत नीति	१०
७	आ.व. २०७५।०७६ को बजेट वक्तब्य	२२
८	आ.व. २०७५।०७६ को लागी स्वीकृत योजना/कार्यक्रम तथा बजेट	२७
८.१	बजेट स्रोत अनुमान	२७
८.२	आ.व. २०७५।०७६ को चालु खर्च शीर्षक तथा विनियोजित बजेट	२७
८.३	आ.व. २०७५।०७६ का पूँजीगत बजेट शीर्षक तथा विनियोजित बजेट	२८
८.४	आ.व. २०७५।०७६ को शशर्त तर्फका कार्यक्रम तथा विनियोजित बजेट	४५
९	आ.व. २०७५।०७६ का लागि स्वीकृत कर, दस्तुर, महशुल तथा सेवा शुल्क	५५
१०	योजना कार्यक्रम तर्जुमाका चरण	६७
११	उपभोक्ता समिति गठन प्रक्रिया	६७
१२	योजना/कार्यक्रम सम्झौताको प्रक्रिया तथा आवश्यक कागजपत्र	६८
१३	योजना/कार्यक्रमको पेश्की रकम लिने प्रक्रिया	६८
१४	योजना/कार्यक्रमको रनिङ्ग विल भुक्तानी प्रक्रिया	६८
१५	योजना/कार्यक्रमको अन्तिम विल भुक्तानी प्रक्रिया	६८
१६	गाउँपालिका भित्रकासडकहरुकोस्वीकृत मापदण्ड	६९
१७	घर नक्सापासको लागि आवश्यक कागजपत्र एवं घर नक्सापासको प्रक्रिया	७५
१८	वडा सभाबाट पारित भई आएका प्रदेश एवं केन्द्रमा प्रस्ताव गरीएका योजना /कार्यक्रमहरु	७५
१९	संक्षिप्त परिचय: नेपालका प्रथम शहिद लखन थापा मगर	८६
२०	संक्षिप्त परिचय: प्रसिद्ध धार्मिक स्थल मनकामना भगवतीको मन्दिर	८९
२१	भुकम्प पीडित सहयोग घुम्ती कोष संचालन कार्यविधि, २०७५	९०

१. शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाका पदाधिकारीहरुको नामावली विवरण

क्र.सं.	पदाधिकारीको नाम,थर	पद	सम्पर्क नं.
१	श्री रमेश वावु थापा मगर	गाउँपालिका अध्यक्ष	९८५६०४०३७५
२	श्री ईन्दिरा तिवारी	गाउँपालिका उपाध्यक्ष	९८४६४३३५१५
३	श्री दिप बहादुर के.सी	वडा अध्यक्ष वडा नं. १	९८४६२०५२८६
४	श्री अचल वावु थापा मगर	वडा अध्यक्ष वडा नं. २	९८४६३४०३५५
५	श्री गणेश थापा मगर	वडा अध्यक्ष वडा नं. ३	९८४६१५८७९५
६	श्री कृष्ण बहादुर प्रजा	वडा अध्यक्ष वडा नं. ४	९८४६२५२९९७
७	श्री यम बहादुर राना	वडा अध्यक्ष वडा नं. ५	९८४६१५८९७३
८	श्री दिलिप नारायण थापा	वडा अध्यक्ष वडा नं. ६	९८१४१२२३७५
९	श्री शरण श्रेष्ठ	वडा अध्यक्ष वडा नं.७	९८५६०४०३६८
१०	श्री काशिनाथ अंगाइं	वडा अध्यक्ष वडा नं. ८	९८५६०४०३२०
११	श्री राम प्रसाद लामिछाने	वडा अध्यक्ष वडा नं. ९	९८६०४८६१६१
१२	श्री नारायण वावु बराम	गाउँ कार्यपालिका सदस्य (अल्पसंख्यक सदस्य)	९८४६५१८०२४
१३	श्री कृष्ण बहादुर बि.क.	गाउँ कार्यपालिका सदस्य (दलित सदस्य)	९८४७०६२२२९
१४	श्री सकुन थापा मगर	गाउँ कार्यपालिका सदस्य (महिला सदस्य)	९८२३३१००९०
१५	श्री रुकमणी गुरुङ्ग	गाउँ कार्यपालिका सदस्य (महिला सदस्य)	९८४५९५१०४३
१६	श्री सुकमाया वि. क.	गाउँ कार्यपालिका सदस्य (महिला सदस्य)	९८०८५४[illegible]२
१७	श्री कल्पना बयलकोटी	गाउँ कार्यपालिका सदस्य (महिला सदस्य)	९८०६६५०[illegible]

२. शहिद लखन गाउँपालिका गाउँसभाका सदस्यहरुको नामावली विवरण

क्र.सं.	पदाधिकारीको नाम थर	पद	वडा नं.	सम्पर्क नं.
१	श्री हिरामाया थापा मगर	वडा सदस्य	१	९८४५४६०४९२
२	श्री दुर्गा गुरुङ्ग	वडा सदस्य	१	९८६०७४३९०२
३	श्री मिना बयलकोटी	वडा सदस्य	१	९८६६०२४४३९
४	श्री गोविन्द खनाल	वडा सदस्य	१	९८२६१३१७४०
५	श्री चेत बहादुर थापा मगर	वडा सदस्य	२	९८०५८१४८७४
६	श्री हस्त बहादुर थापा मगर	वडा सदस्य	२	९८४६४३३३१४
७	श्री कमला परियार	वडा सदस्य	३	९८२६१६८६१७
८	श्री ईश्वर दवाडी	वडा सदस्य	३	९८४६०६०८४४
९	श्री अक बहादुर गुरुङ्ग	वडा सदस्य	३	९८४६५३६२०७
१०	श्री संगिता थापा मगर	वडा सदस्य	४	९८१६६९८६३३
११	श्री दुर्गा बहादुर आले मगर	वडा सदस्य	४	९८१४११२५२३
१२	श्री देवराज खनाल	वडा सदस्य	४	९८०३१६९३७०
१३	श्री नुन बहादुर थापा मगर	वडा सदस्य	५	९८४६४१३०९७
१४	श्री कृष्ण बहादुर कमर	वडा सदस्य	५	९८१५१२०८०५
१५	श्री नन्द कुमारी आले	वडा सदस्य	५	९८२६१९६४५९
१६	श्री गिता परियार	वडा सदस्य	५	९८४१४८१८२८
१७	श्री लिना थापा मगर	वडा सदस्य	६	९८१८०८६२५२
१८	श्री केशर बहादुर श्रेष्ठ	वडा सदस्य	६	९८०६६९१५०१
१९	श्री ईश्वर बहादुर श्रेष्ठ	वडा सदस्य	६	९८६१६४१०४१
२०	श्री सिता दमाई	वडा सदस्य	६	९८०३७३१२९८
२१	श्री डिल बहादुर गरञ्जा	वडा सदस्य	७	९८०८४१०४४७
२२	श्री गोपाल राना मगर	वडा सदस्य	७	९८०५८३१४४०
२३	श्री सबिना श्रेष्ठ	वडा सदस्य	७	९८४६६५७२७७
२४	श्री टक माया परियार	वडा सदस्य	७	९८१०६१४६१९
२५	श्री मिस्टर वावु श्रेष्ठ	वडा सदस्य	८	९८०३३१३४४५
२६	श्री देव बहादुर श्रेष्ठ	वडा सदस्य	८	९८४६७४७२६७
२७	श्री जुनकिरी रम्तेल	वडा सदस्य	८	९८२६१९४४१८
२८	श्री डण्डपाणी ढकाल	वडा सदस्य	९	९८४९००१३५९
२९	श्री दल बहादुर थापा	वडा सदस्य	९	९८४१९०५७९७
३०	श्री कमला ढकाल	वडा सदस्य	९	९८४६४९०१९६
३१	श्री शोभा नेपाली	वडा सदस्य	९	९८१८३६३८२७

३. विषयगत समितिका पदाधिकारीहरुको विवरण

समितिको नाम : आर्थिक विकास समिति

क्र.सं.	पदाधिकारीको नाम, थर	पद
१.	श्री गणेश थापा मगर	संयोजक
२.	श्री रुक्मिणी गुरुङ्ग	सदस्य
३.	श्री कल्पना बयालकोटी	सदस्य

समितिको नाम : सामाजिक विकास समिति

क्र.सं.	पदाधिकारीको नाम, थर	पद
१.	श्री कृष्ण बहादुर प्रजा	संयोजक
२.	श्री काशीनाथ अंगाई	सदस्य
३.	श्री कल्पना बयालकोटी	सदस्य

समितिको नाम : पूर्वाधार विकास समिति

क्र.सं.	पदाधिकारीको नाम, थर	पद
१.	श्री शरण श्रेष्ठ	संयोजक
२.	श्री यम बहादुर राना मगर	सदस्य
३.	श्री सकुन थापा मगर	सदस्य

समितिको नाम : वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

क्र.सं.	पदाधिकारीको नाम, थर	पद
१.	श्री दिप बहादुर के.सी.	संयोजक
२.	श्री नारायण बराम	सदस्य
३.	श्री सुकमाया वि.क.	सदस्य

समितिको नाम : सुशासन तथा संस्थागत विकास समिति

क्र.सं.	पदाधिकारीको नाम, थर	पद
१.	श्री दिलिप नारायण थापा मगर	संयोजक
२.	श्री अचल वावु थापा मगर	सदस्य
३.	श्री कृष्ण वि.क.	सदस्य

३. शहिद लखन गाउँ कार्यपालिका कर्मचारी विवरण

३.१. शहिद लखन गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

क्र.सं.	कर्मचारीको नाम थर	पद	कार्यरत शाखा	सम्पर्क नं.
१	श्री जीवन बहादुर आले मगर	प्रमुख प्रशासकीय अधिकृत	गाउँ पालिकाको कार्यालय	९८५६०१०५३३
२	श्री नरेन्द्रराज घिमिरे	लेखा अधिकृत	आर्थिक प्रशासन शाखा	९८५११६२३४२
३	श्री दिपेन्द्र परियार	विद्यालय निरिक्षक	शिक्षा, यूवा तथा खेलकूद शाखा	९८५६०४०६५७
४	श्री विष्णु थापा मगर	इन्जिनियर	योजना/ नक्सापास शाखा	९८५६०४०९९८
५	श्री बिल बहादुर श्रेत्री	सि. अ. हे. ब.	स्वास्थ्य सेवा शाखा	९८४६०५६१९९
६	श्री बिरेन्द्र श्रेष्ठ	सि. अ. हे. ब.	स्वास्थ्य सेवा शाखा	९८४६०५२३७७
७	श्री प्रदिप श्रेष्ठ	सूचना प्रविधि अधिकृत	प्रशासन शाखा	९८५११८६८९२
८	श्री उमानाथ भण्डारी	लेखापाल	आर्थिक प्रशासन शाखा	९८४६३६०९१०
९	श्री पूर्ण बहादुर गहतराज	ना.सु.	प्रशासन/जिन्सी शाखा	९८५६०४०७९५
१०	श्री नन्द प्रसाद ढकाल	श्रोत व्यक्ति	शिक्षा, यूवा तथा खेलकूद शाखा	९८५६०४३३०३
११	श्री मोहनराज बिष्ट	श्रोत व्यक्ति	शिक्षा, यूवा तथा खेलकूद शाखा	९८५६०४०८०२
१२	श्री विजयराज पौडेल	प्रा.स. बाली संरक्षण	कृषि विकास शाखा	९८४६०९९७१९
१३	श्री सुदिप बि.क.	ना.प.से.प्रा.	पशु सेवा शाखा	९८४५०८२१३२
१४	श्री सानुकाजी बस्नेत	ना.सु.	योजना शाखा	९८४६०७५३६५
१५	श्री मेघनाथ प्रसाद यादव	सव इन्जिनियर	योजना/ नक्सापास शाखा	९८५१०६३१९५
१६	श्री संजोग थापा मगर	सव इन्जिनियर	योजना/ नक्सापास शाखा	९८६२३९५०५०
१७	श्री धन वहादुर श्रेष्ठ	खा.पा.स.टे.	योजना शाखा	९८५६०४०२०३
१८	श्री सन्जय राना मगर	कम्प्युटर अपरेटर	प्रशासन शाखा	९८४९१३४१४६
१९	श्री राजेश्वर भट्टराई	ऋमिन	नक्सापास शाखा	९८४५१५२४९८
२०	श्री सावित्री अधिकारी	सह लेखापाल	राजश्व शाखा	९८४६०८९१२३
२१	श्री कृष्ण कुमार खड्का	असिस्टेन्ट सब ईन्जिनियर	योजना/ नक्सापास शाखा	९८४६०५६२३६
२२	श्री जंग वहादुर गुरुङ्ग	कार्यालय सहयोगी	पशु सेवा शाखा	९८०८४५७६१६
२३	श्री शर्मिला गुरुङ्ग	कार्यालय सहयोगी	प्रशासन शाखा	९८०३३१११२५
२४	श्री गोविन्द चौधरी	कार्यालय सहयोगी	प्रशासन शाखा	९८४६०८८३६९
२५	श्री बुधे रोका	एम्बुलेन्स चालक	स्वास्थ्य सेवा शाखा	९८५६०४०३००

३.२.शहिद लखन गाउँपालिकाका वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

क्र.सं.	कर्मचारीको नाम थर	पद	कार्यरत वडा	सम्पर्क नं.
१	श्री कर्ण बहादुर थापा	वडा सचिव	वडा नं. १	९८४६१२०५२४
२	श्री कृष्ण प्रसाद अर्याल	वडा सचिव	वडा नं. २	९८४६०३९७१३
३	श्री गोपाल प्रसाद पौड्याल	वडा सचिव	वडा नं. ३	९८४६२९१४४८
४	श्री मनोहरी ज्ञवाली	वडा सचिव	वडा नं. ४ र ५	९८४६१२५६७७
५	श्रीं रमेश ढकाल	वडा सचिव	वडा नं. ६	९८४५०४९५८९
६	श्री तोयानाथ अंगाई	वडा सचिव	वडा नं.७ र ८	९८५६०७०६१२
७	श्री विष्णु कुमारी बुढा मगर	वडा सचिव	वडा नं. ९	९८६०४६१३७६
८	श्री खड्ग नारायण श्रेष्ठ	सहायक कर्मचारी	वडा नं. ३	९८४६२०४४०९
९	श्री हस्त वहादुर थापा	सहायक कर्मचारी	वडा नं. ४	९८१७२९७८२१
१०	श्री रुद्र वहादुर राना मगर	सहायक कर्मचारी	वडा नं.७	९८४६१८८२९४
११	श्री दीपक पाण्डे	सहायक कम्प्युटर अपरेटर	वडा नं. ९	९८४६०३९७२२
१२	श्री दीपक कोइराला	सहायक कृषि प्राविधिक	वडा नं. १, २ र ३	९८०६७८२५६७
१३	श्री विष्णु राज पन्त	ना.प.से.प्रा.	वडा नं. १, २ र ३	९८४६७५५५०१
१४	श्री हिक्मत लामिछाने	सहायक कृषि प्राविधिक	वडा नं. ४ र ५	९८०९२०४६५८
१५	श्री जमुना प्रजा	सहायक कृषि प्राविधिक	वडा नं. ६	९८६५१५४२८४
१६	श्री नमिता अधिकारी	सहायक कृषि प्राविधिक	वडा नं.७ र ८	९८६१८७६६५०
१७	श्री ध्रुव खत्री (के.सी.)	ना.प.से.प्रा.	वडा नं. ९	९८४६३७७८२०
१८	श्री सिता अछामी (रोका)	सामाजिक परिचालक	वडा नं. १	९८४०१५२६०३
१९	श्री रुस्का राना	सामाजिक परिचालक	वडा नं. ३	९८१८१६२०७१
२०	श्री सुनिता थापा	सामाजिक परिचालक	वडा नं. ५	९८०९२९८६२३
२१	श्री अञ्जली श्रेष्ठ	सामाजिक परिचालक	वडा नं. ६	९८६०१५२०१५
२२	श्री अर्जुन श्रेष्ठ	सामाजिक परिचालक	वडा नं. ८	९८६६०३१६६२
२३	श्री शितल परियार	अनुगमनकर्ता	वडा नं. २	९८५६०४११४४
२४	श्री भिमलाल श्रेष्ठ	अनुगमनकर्ता	वडा नं. ३	९८५६०४१८३०
२५	श्री नारायण कट्टेल	कर संकलक	वडा नं. ३	९८४६३९१८०१
२६	श्री मेघ बहादुर भट्ट	कार्यालय सहयोगी	वडा नं. १	९८४५९४७११४
२७	श्री मिन बहादुर परियार	कार्यालय सहयोगी	वडा नं. ३	९८४६३८९५४१
२८	श्री पुष्पा थापा	कार्यालय सहयोगी	वडा नं. ४	९८०६५८८२७६
२९	श्री श्रीमाया राना मगर	कार्यालय सहयोगी	वडा नं. ५	९८०६५६८१८४
३०	श्री अनिशा श्रेष्ठ	कार्यालय सहयोगी	वडा नं.७	९८४६३७८७२२
३१	श्री कल्पना श्रेष्ठ	कार्यालय सहयोगी	वडा नं. ८	९८४६७८३५४१
३१	श्री जानुका पनेरु	कार्यालय सहयोगी	वडा नं. ९	९८१८३८५०२६

४. शहिद लखन गाउँपालिकाका निजी आवास पुनर्निर्माण तर्फका कर्मचारीहरुको विवरण

क्र.स	कर्मचारीको नाम थर	पद	कार्यरत वडा	सम्पर्क नं.
१	निर्मल राना मगर	ईन्जिनियर	वडा नं. १	९८४६८५४६३८
२	हिक्मत बुढा	ईन्जिनियर	वडा नं. १	९८०८६६४९३२
३	रमेश वावु श्रेष्ठ	ईन्जिनियर	वडा नं. २	९८४१०६३१६२
४	प्रेम कुमार शाह	ईन्जिनियर	वडा नं. ३	९८१९७४२३४७
५	धर्मराज खड्का	ईन्जिनियर	वडा नं. ४ र ५	९८४९७५९२९०
६	उज्ज्वल राउत	ईन्जिनियर	वडा नं. ६	९८००८४७७६६
७	ऋतुराज शाह	ईन्जिनियर	वडा नं. ६	९८२४७१०२३४
८	किसन गुरुङ्ग	ईन्जिनियर	वडा नं. ७ र ८	९८४१६३८३६०
९	दिपेन्द्र भट्ट	ईन्जिनियर	वडा नं. ७ र ८	९८४००१९८२२
१०	योगेन्द्र के.सी	ईन्जिनियर	वडा नं. ९	९८४७९६२५७४
११	सत्य विष्ट	सब-ईन्जिनियर	वडा नं. २	९८४८६६०४३७
१२	ज्ञान बहादुर चौधरी	सब-ईन्जिनियर	वडा नं. ३	९८४८१२५४१९
१३	चुडामणी मगर	सब-ईन्जिनियर	वडा नं. ४ र ५	९८४२५५५६२१
१४	बिनोद शाह	सब-ईन्जिनियर	वडा नं. ४ र ५	९८२५६८६२३८
१५	उज्ज्वल घिमिरे	सब-ईन्जिनियर	वडा नं. ६	९८५१०७८६९६
१६	गणेश बहादुर बुढा	सब-ईन्जिनियर	वडा नं. ७	९८१५५४२१०५
१७	कलक कुमार खड्का	सब-ईन्जिनियर	वडा नं. ७	९८१८५३२८९८
१८	महेश कुमार थापा	सब-ईन्जिनियर	वडा नं. ८	९८०६४०३५५०
१९	सइद मियाँ	सब-ईन्जिनियर	वडा नं. ९	९८१८०७६७७१
२०	सुदिप वावु श्रेष्ठ	असिस्टेन्ट सबईन्जिनियर	वडा नं. १	९८४६१२५१८७
२१	भगवती बुढा	असिस्टेन्ट सब ईन्जिनियर	वडा नं. १	९८४९४९५२८७
२२	बुद्धि घर्ति	असिस्टेन्ट सब ईन्जिनियर	वडा नं. ४ र ५	९८६४४६०१६९
२३	धन बहादुर खड्का	असिस्टेन्ट सब ईन्जिनियर	वडा नं. ८	९८४५२०५१२९
२४	सनिम राई	असिस्टेन्ट सब ईन्जिनियर	वडा नं. ९	९८२३६७६२९२

५. शहिद लखन गाउँपालिकाको संक्षिप्त परिचयः-

शहिद लखन गाउँपालिका नेपालको संविधान २०७२ को कार्यान्वयनको क्रममा स्थानीय तहको गठन आदेश बमोजिम मिति २०७३ फाल्गुन २७ गते गठन भएको हो।गोरखा जिल्लाको दक्षिणपूर्वि भागमा रहेको यस गाउँपालिकामा साविक बक्राङ्ग, मनकामना, ताक्लुङ्ग, घैरुङ्ग, बुंकोट र नाम्जुङ्ग गा.वि.स.हरु समावेस भई यस गाउँपालिकाको गठन भएको हो। यसको क्षेत्रफल १४,८९७ वर्ग कि.मी. र जनसंख्या २७,५५५ रहेको छयस गाउँपालिकाको सिमाना पूर्वमा भिमसेन गा.पा., गण्डकी गा.पा. र धादिङ्ग जिल्ला, पश्चिममा तनहुँ जिल्ला, उत्तरमा भिमसेन गा.पा. र गो.न.पा., दक्षिणमा गण्डकी गा.पा., तनहुँ र चितवन जिल्ला रहेको छ। यस गाउँपालिकामा मगर, गुरुङ्ग, नेवार, क्षेत्री, ब्राह्मण, चेपाङ्ग र दलितहरुको मुख्य बसोबास रहेको छ भने अन्य जातिमा बराम, मुस्लिम, माझी आदिको पनि बसोबास रहेको छ।

यस गाउँपालिका बुढीगण्डकी, त्रिशुली, दरौदी र लुदी खोलाको बीचमा अवस्थित रहेको छ। यस बाहेक ज्यादुल खोला , बहीखोला, जुग्दी खोला, राङ्दी खोला यस गाउँपालिकाका मुख्य नदीहरु हुनयिनै नदीहरुको किनारमा ज्यादुल फाँट, बराहा फाँट, माझिटार, लुदी फाँट, कानटार, जुग्दीफाँट, कल्लेरी फाँट, गह्रौथली फाँट, सिलिङ्टार, ठेउवाटार आदि जस्ता उर्बर भूमि रहेका छन् । यहाँका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तिर्थ स्थलहरुमा मनकामना मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमालामाई मन्दिर, अर्लाङ्दी माईको मन्दिर, भिमविरेश्वर महादेव, कोटकाली, थानीथान, सन्तानेश्वर महादेवको मन्दिर, वर्चुली थान, बालेश्वरी मन्दिर, मकैपुर बौद्ध गुम्बा आदि रहेका छन् । नेपालकै प्रथम शहिद लखन थापा मगर र जैसिंह चुमी मगरको रगतले सिंचित बुंकोटको काहुले भंगार अर्को ऐतिहासिक पर्यटकीय गन्तव्य स्थल हो।

शहिद लखन गाउँपालिकाको विस्तृत विवरण

सि.नं.	नयाँ वडा	समावेश गा.वि.स.	जनसंख्या	क्षेत्रफल (वर्ग कि.मि.)
१	१	बक्राङ्ग (१-९)	३०१९	२६.९
२	२	मनकामना (१,२,४,५)	२६८२	६.८३
३	३	मनकामना (३,६,९)	३५२१	२४.३
४	४	ताक्लुङ्ग (१-४)	२७८६	१२.२
५	५	ताक्लुङ्ग (५-९)	२२४२	१३.५
६	६	घैरुङ्ग (१-९)	३९९०	२०.८
७	७	वुंकाट (१-४)	३५५०	१४.८
८	८	वुंकोट (५-९)	२७१०	१३.४
९	९	नाम्जुङ्ग (१-९)	३०५५	१६.३
		जम्मा	२७५५५	१४९.०३

६. नीति कार्यक्रम

६.१. शहिद लखन गाउँपालिकाको तेस्रो गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष ०७५/०७६ को नीति तथा कार्यक्रम बक्तव्य

अध्यक्ष:- रमेश बाबु थापा मगर

शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम सभामा उपस्थित उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु र सम्पूर्ण कार्मचारीज्यूहरु,

आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमको गरिमामय सभामा शहिद लखन गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम देश र जनतालाई सार्वभौम र अधिकार सम्पन्न वनाउन विभिन्न समयक्रममा ऐतिहासिक संघर्ष तथा आन्दोलनमा वलिदान प्रदान गर्नुहुने नेपालकै प्रथम शहिद लखन थापा मगर, जैसिंह चुमी मगर लगायत देश र जनताका हितका निम्ति ज्यान ो वलिदान गर्ने अमर वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नेपालको सार्वभौमिकता र अखण्डतालाई कायम राख्दै नेपाली समाज निर्माण र परिवर्तन गर्ने हाम्रा अग्रजहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु । नेपाली राजनीतिका शिखर व्यक्तित्वहरु जस्ले आफू मैन बत्ती झै जलेर पनि समाजलाई उज्यालो आलोक छर्ने प्रयत्न गरे उहाँहरुलाई आदरपूर्वक सम्मान गर्न चाहन्छु । राजनीतिक स्वतन्त्रता, प्रजातन्त्र, गणतन्त्र, तथा आमूल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक संचालन गर्दै आएको जनआन्दोलन, सशस्त्र विद्रोह, सशस्त्र संघर्ष तथा जनयुद्ध लगायत सवै प्रकारका त्याग र वलिदानका गौरवपूर्ण इतिहासलाई स्मरण गर्न चाहन्छु । साथै वेपत्ता परिवार एवं पीडित नागरिकहरुप्रति गहिरो सम्मान व्यक्त गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७४/०७५ को विनियोजित रकमहरु बाट हामीले गाउँ र वस्ती स्तरका जनताका आवश्यकताहरुलाई सम्वोधन गर्दै त्यसबाट जनताका जीवन स्तर सुधार्ने प्रयत्न गऱ्यौं र योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा देखा परेका चुनौतीहरुलाई साझा रुपमा समाधान गर्ने प्रयास पनि गऱ्यौं कतिपय अपुगताहरुका विच हामीले गाउँपालिकामा केही सकारात्मक कामहरु गऱ्यौं । यसका वावजुद आज हामी आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौ ।

नीति तथा कार्यक्रम निर्माणमा सल्लाह सुझाव प्रदान गर्नु हुने निर्वाचित गाउँसभाका सम्पूर्ण प्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका नेतागणहरु समाजसेवी वुद्धिजीवि मित्रहरु, कर्मचारी मित्रहरु, सवैमा यस नीति तथा कार्यक्रममा आधारित रहेर विनियोजित रकम कार्यान्वयन गर्नमा सहयोग पुऱ्याउनुहुनेछ भन्ने विश्वास लिएको छु । यहाँहरुको सल्लाह सुझाव एवं समन्वयले मात्रै हामी सम्वृद्ध गाउँपालिका निर्माण गर्न सक्नेछौ भन्नेमा हामी विश्वस्त छौं ।

न्याय, समानता र स्वतन्त्रताका लागि निरंकुशताको जञ्जिर चुडालेर पराधिनताको पर्खाल भत्काउदै जल्लादहरुको फाँसीको फन्दालाई सहर्ष फूलको माला जस्तै स्वीकार गरी बलिदान प्रदान गर्ने प्रथम शहिद लखन थापा मगर तथा जैसिंह चुमी मगरको ऐतिहासिक विरासत र राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमै धार्मिक आस्थाको रुपमा चर्चित माई मनकामनाको पवित्र भूमिमा अवस्थित यस शहिद लखन गाउँपालिका कृषि पर्यटन र प्राकृतिक श्रोतको दृष्टिकोणले प्रचुर संभावना बोकेको गाउँपालिका हो । यति- हुँदाहुँदै पनि गाउँपालिकाको भौगोलिक अवस्थिति, नागरिकहरुको बढ्दो अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरुको अभाव, समाजमा भएको रुढीवादी अन्धविश्वास र संकीर्ण चिन्तनका कारण पैदा भएको ग्रामीण सोँच र श्रोतवाट गाउँपालिकास्तरको जीवन पद्धतिमा रुपान्तरण हुँदाको संक्रमणकालिन व्यवस्थापन, महाभूकम्पले सिर्जित भौतिक क्षति तथा मानसिक आघातका वीचबाट माथि उठ्दै उपलब्ध श्रोत साधनलाई कुशलतापूर्वक

परिचालन गर्ने बिषय चुनौतीपूर्ण रहँदारहँदै पनि गाउँपालिका प्रतिको गाउँबासीहरुको सद्भाव, विकास र संवृद्धि प्रतिको उत्कृष्ट चाहनाको परिणाम स्वरुप गाउँबासीको जीवनस्तरमा परिवर्तनका संकेतहरु प्रष्ट देखिन सक्ने कुरामा हामी विश्वस्त छौं ।

गाउँपालिकाको समग्र विकास र सम्वृद्धि हासिल गर्न समान अवसर, नागरिक अधिकार र सुरक्षाको अनुभूति प्रदान गराँउदै सवल र समृद्ध गाउँपालिका निर्माण गरी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियानलाई अनुभूत र देखिने गरी सार्थक बनाउन प्रयत्न गर्ने छौ । शहिद लखन गाउँपालिकामा धार्मिक महत्वका दृष्टिले मनकामना मन्दिर, ऐतिहासिक दृष्टिले शहिद लखन थापाको जन्मस्थल तथा बुढी गण्डकी जलाशयको क्षेत्र पर्ने भएकाले यसको धार्मिक, सांस्कृतिक, पर्यटकीय र व्यापारिक महत्व अपार रहेको छ । प्राकृतिक, सांस्कृतिक, सामाजिक र भौगोलिक विविधताका आधारमा यस गाउँपालिकाको विकासका पूर्वाधारहरु तय गर्दै जानुपर्ने विद्यमान अवस्थालाई मध्यनजर राख्दै **"शहिद लखन गाउँपालिकाको विकास र संवृद्धिको द्वार, कृषि, पर्यटन र जलश्रोत मूल आधार"** को नारा सहित दीर्घकालिन गुरुयोजना तय गरी गाउँपालिकाको विकासका समग्र योजना तथा कार्यक्रमहरुलाई अधिकतम रुपमा उपयोग गरी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नुपर्ने चुनौती हाम्रा सामु विद्यमान रहेको छ ।

सबै प्रकारका विभेद, उत्पीडन, बन्चितीकरण, र असहिष्णुताको अन्त्य गरी समन्यायिक रुपमा सम्वृद्ध समाज निर्माण गर्ने स्थानीय सरकारको नीति हुनेछ । अवसरमा पछि परेको र पछाडि पारिएका समुदाय, क्षेत्र र वर्गलाई विकासको मूल प्रवाहमा ल्याउन हाम्रो प्रयत्न र पहल हुनेछ । गाउँपालिकाका वडा कार्यालय भवन बन्न बाँकी रहेका वडाहरुमा क्रमश वडा कार्यालय भवन निर्माणको चरणमा अघि बढेका छौं । गाउँपालिकाको केन्द्रमा विषयगत र क्षेत्रगत कार्यालय भबनहरुको आवश्यकता महसुस गरी एक सभाहल र ६ कोठे ट्रस्ट भवन निर्माण गरेका छौं । गाउँपालिकाको आफ्नो नाममा २२ रोपनी ३ पैसा बराबरको जग्गा प्राप्त भएको छ । जसमा गाउँपालिकाको भवन सहित अन्य प्रयोजनका निमित्त समेत उपयोगी हुने गरी भवन निर्माणका लागि गुरूयोजना निर्माण गरिएको छ । अब गुरूयोजना अन्तरगत गाउँपालिकाको भवन निर्माणमा हाम्रा यो... केन्द्रित हुन जरुरी छ । बस्ती बस्ती सम्म आधारभूत पूर्वाधारहरु पुग्न सकेका छैनन् । त्यसैले मनकामना मन्दिरको धार्मिक महत्व र शहिद लखन थापाको ऐतिहासिक महत्वको कडीलाई एकीकृत गर्दै यस गाउँपालिकाका पर्यटन विकासमा संभावना बोकेका क्षेत्रहरु त्रिवेणी भगवतीको मन्दिर, बक्रेश्वरीको मन्दिर, जलकन्या देवीको मन्दिर, हिमाला माईको मन्दिर, थानीथानको मन्दिर, अर्लाङ्दीमाईको मन्दिर, भीमविरेश्वरको मन्दिर, कोटकालीको मन्दिर, महादेवस्थानको मन्दिर, मकैपुरको बौद्ध गुम्बा आदिको संरक्षण र संवर्द्धन गरी यस पालिकामा धार्मिक, सांस्कृतिक, प्राकृतिक, जैविक तथा पर्यावरणीय पर्यटनका सम्भाबना र अवसरहरुको उपयोग गर्दै जाने नीति अवलम्बन गर्नुपर्ने छ ।

हाम्रा सामु देखा परेका भौतिक पूर्वाधार निर्माणका समस्या, शैक्षिक, सामाजिक, सांस्कृतिक समस्याहरुको समाधानका निमित्त स्थानीय सरकारको रुपमा जनताद्वारा प्रत्यक्ष निर्वाचित हामी जनप्रतिनिधिहरुको महत्वपूर्ण भूमिका रहन्छ । यस अवस्थामा हामीले रोजगारी र आय आर्जनका अवसरहरु वृद्धि गर्ने कृषि उत्पादनमा वृद्धि, पशुजन्य व्यवसायको संरक्षण र विविधिकरण, सहकारी प्रवर्द्धन, उत्पादनशिल क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सबै वर्ग, क्षेत्रका समुदायहरुलाई परिचालन गर्न सकेमा मात्र परिवर्तनमुखी र परिणाममुखी विकास संभव हुने देखिन्छ । यसका निमित्त समावेशी समन्यायिक तथा परिणाममुखी विकासका प्रयासमा जुट्न समस्त उद्यमी, व्यवसायी, नागरिक समाज, राजनैतिक दलका पदाधिकारी, सरकारी तथा गैरसरकारी निकायहरु, स्थानीय समुदायहरु, संघ संस्थाहरु एवं सम्पूर्ण गाउँपालिका वासीहरुमा हातेमालो गर्न जरुरी छ । यसका साथै यहाँहरु बाट पनि न्यानो आत्मियता प्रदान गरिदिनुहुन हार्दिक अपिल गर्दछु ।

सार्वजनिक नीजि र सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न हातेमालो गर्दै अघि बढ्ने नीति लिइनेछ । उत्पादनमुखी रोजगारी प्रबर्द्धन, आत्म निर्भर र निर्यातमूलक बनाउने प्रकारका योजनाहरुमा केन्द्रित भइ सबै प्रकारका उपलब्ध श्रोत साधनको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गरी सबै क्षेत्रका न्यूनता र अभावलाई क्रमश घटाउदै लगिनेछ ।

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट २०७२ सालमा जारी भएको नेपालको संविधान, मन्त्री परिषद्वारा जारी स्थानीय तहको शासन संचालन सम्बन्धि आदेश २०७४, चौधौ त्रिबर्षीय योजना, दिगो विकास लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, संघीय सरकारको बार्षिक नीति तथा कार्यक्रम, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवम् योजना तर्जुमाको क्रममा राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी लगायत विभिन्न तहवाट प्राप्त हुन आएका सल्लाह, सुझावहरु र वडागत रुपमा छलफलबाट प्राप्त भएका मार्ग दर्शनका आधारमा आगामी आ.व. को लागि प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनवाट गाउँपालिकाले अपेक्षा गरेको लक्षित उदेश्यहरु हाँसिल गर्न सघाउ पुग्ने विश्वास समेत लिएको छु ।

आयोजना तर्जुमाको बखत यथासंभव सबै क्षेत्र, वर्ग, लिङ्ग, जाति र समुदायको सहभागिता रहन सकोस् भन्ने बिषयतर्फ ध्यान पुऱ्याएका छौं । असीमित आवश्यकतालाई सीमित श्रोत र साधनहरुबाट परिपूर्ति गर्दै विकास निर्माणमा अघि बढ्नुपर्ने भएकाले उपलव्ध श्रोत र साधनहरुको विशिष्ट उपयोग गर्ने तर्फ विशेष ध्यान दिईएको छ । प्राकृतिक सुन्दरता र सास्कृतिक विविधताले भरिपूर्ण हाम्रो गाउँपालिकाको समाजको उत्पत्ति वनोट र सभ्यता संकृतिको विकास समेत विविधतापूर्ण छ । यी हाम्रा साझा सम्पत्ती हुन्, यो यथार्थतालाई आत्मसाथ गरी सामाजिक एवं सांकृतिक समानता र सहिष्णुतामा एकताबद्ध हुँदै सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने नीति शहिद लखन गाउँपालिकाले लिएकोछ ।

६.२. क्षेत्रगत नीतिहरु

❖ कृषि

१. **"उत्पादनमा जोड दिऔं आत्मनिर्भर बनौं"** भन्ने नाराका साथ कृषिजन्यबस्तुहरुका उत्पादनमा जोड दिने नीति तय गरिने छ ।
२. खेतीयोग्य जमिनलाई वाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने र बाँझो रहेका कृषि भूमिको दिगो उपयोगको लागि उपयुक्त योजना तयार गरी कार्यान्ययन गरिनेछ ।
३. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपर जोनको बिकास गरि सघन व्यबसायिक खेती प्रणाली अघि बढाइनेछ ।
४. दिगो कृषि विकासका लागि आवश्यक नीति, ऐन र नियमहरु तर्जुमा संशोधन गरी प्रभाबकारी रुपमा कार्यान्वयन गरिनुका साथै कृषक केन्द्रित तथा कृषक मैत्री नीति निर्माणमा जोड दिइनेछ ।
५. कृषिमा आधारित उद्योगहरु, सेवा तथा ग्रामिण कृषि पर्यटनको विकासमा यूवा तथा कृषक उद्यमीहरुलाई आकर्षित गरिनेछ ।
६. प्राङ्गारिक मल (जैविक मल) उत्पादनमा कृषकहरुलाई उत्प्रेरित गर्ने योजना निर्माण गरिनेछ ।
७. पशुपालन, मत्स्यपालन, पुष्पव्यवसाय, तरकारी खेती, फलफूल खेती, जडिबुटी खेती गर्न उत्प्रेरित गर्दै सो व्यवसायमा आवद्ध अगुवा कृषक र कृषि समूहलाई प्रोत्साहनका लागि आर्थिक सहयोग गरिनेछ ।

८. विभिन्न प्रकारका फलफूलहरु (सुन्तला, कागती, निबुवा; भोगटे, केरा, नास्पती, कटहर, आँप, लिच्चि, अनार, दारिम आदि) उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहन गरि फलफूल खेतिका हवहरु निर्माण गरिनेछ।

९. आलु, पिँडालु, बन्दा, काउली, मूला, साग, गोलभेडा जस्ता तरकारीहरुको उत्पादनमा जोड दिईनेछ। ५ बर्ष भित्रमा गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर तुल्याइनेछ।

१०. जैविक विविधतालाई ध्यान दिदै मौरीपालन व्यबसायलाई उत्प्रेरित गर्न विशेष प्रकारका योजना तय गरिनेछ।

११. खोलानालामा करेन्ट लगाएर माछा मार्ने प्रवृतिलाई अन्त्य गर्ने नीति अवलम्बन गरिनेछ।

१२. एक गाउँ एक उत्पादनको नीतिलाई आत्मसाथ गर्दै कृषि उत्पादनमा जोड दिने नीति तय गरिनेछ।

१३. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत सुन्तलाको जोन कार्यालयले अगाडि सारेको नीति तथा कार्यक्रमसँग समन्वय गरी सुन्तला खेतीलाई प्रबर्द्धन गरिनेछ।

१४. कल्लेरी माछा फर्मलाई स्तर उन्नती गर्दै अन्य नदी किनारमा पनि माछा पोखरीलाई विस्तार गरी मत्स्य पालन क्षेत्रको विकास गर्ने नीति तय गरिनेछ।

१५. दैनिक उपभोग्य खाद्यवस्तुहरु जस्तै आलु, बेसार (हलेदो), अदुवा, लसुन, प्याज, खुर्सानी आदिको भौगोलिक अनुकूलता अनुसार पकेट क्षेत्र विस्तार गरिनेछ।

१६. एभोकेट खेतीको संभाव्यता अध्ययन गरी यसको व्यवसायिक खेती गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ।

१७. कफि खेतीको संभाव्यता अध्ययन गरी यसको व्यवसायिक खेती गर्न कृषकहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

१८. मनकामना मन्दिरको भक्तजनलाई लक्षित गरी त्यस क्षेत्र वरपरका किसानहरुलाई फूल खेती गर्न प्रोत्साहन गरिनेछ।

१९. सिंचित क्षेत्रमा वाली संघनता अपनाउने नीति लिइने छ।

२०. असिंचित क्षेत्रमा वर्षे पानी संकलनको नीति तय गरिनेछ।

२१. Low Volume, High Value Cropsलाई जोड दिने नीति तय गरिने छ।

२२. कृषि उपज बजारको व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

२३. नेपाल सरकारको दीर्घकालिन कृषि योजनालाई जोड दिने नीति तय गरिने छ।

२४. व्यवसायिक उत्कृष्ठ कृषक समूहलाई प्रोत्साहन र सम्मान गर्ने नीति लिइने छ।

२५. कृषि फर्म, कृषक समूह तथा सहकारी मार्फत कार्यहरु संचालन गर्ने नीति लिईने छ।

❖ पशुपंक्षी

१. कृषि विकास रणनीतिको भावना अनुरुप पशुपंक्षी पालन सम्बन्धी विद्यमान नीतिगत, कानुनी र प्रकृयागत व्यवस्थालाई सुधार गरिनेछ।

२. पालिकालाई अण्डा, मासु र दूधमा छ बर्ष भित्रमा आत्मनिर्भर बनाउन अण्डा, मासु र दूध विशेष उत्पादनलाई प्रोत्साहन गरिनेछ।

३. गुणस्तरीय पशुआहारको उपलब्धता बढाउन एक वडा एक घाँसे बाली श्रोत केन्द्र स्थापना गरिनेछ, सामुदायिक वन, कवुलियती बन, भू-संरक्षण तथा कृषि, पशु एवं वन विकास कार्यक्रम मार्फत सामुदायिक वन, कवुलियती वन तथा कृषि फर्महरुमा घाँसेवाली प्रवर्द्धनका लागि पहल गरिनेछ।

४. पशुपालन व्यवसायमा नश्ल सुधार कार्यलाई जोड दिदै ब्याँड बोका, राँगा आदिमा अनुदानको व्यवस्था गरिनेछ।

५. दुग्ध संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र आदिको निर्माण गरि कृषकका उत्पादनलाई प्रोत्साहित गरिनेछ ।
६. पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्नका लागि बडहर, बकाइनो, इपिल इपिल, खन्यो, टाँकी, किम्बु लगायतका डाले घाँस तथा उन्नत जातका घाँसहरुको श्रोत विकास निर्माण गरिनेछ ।
७. गाईपालक कृषकहरुको लागि डालें तथा भुँई घाँस खेतीयोजनाका लागि सहयोग गर्ने नीति लिइनेछ ।
८. स्थानीय जातका बाख्राहरुको नश्ल सुधार गर्ने कार्यक्रम संचालन गरिनेछ ।
९. व्यसायिक पशुपालक कृषकका लगि आधुनिक खोर तथा गोठ निर्माणको लागि अनुदानको ब्यवस्थामिलाइने छ
१०. मासुजन्य तथा दूधजन्य उत्पादनमा वृद्धि गर्न पशुपालक कृषकहरुलाई प्रोत्सान कार्यक्रम संचालनगरिनेछ ।
११. सहकारी मार्फत दुग्ध उत्पादन संकलन तथा विक्री केन्द्र स्थापना गर्ने नीति अबलम्बन गरिनेछ ।
१२. उत्पादन गरिएका कृषि उपजहरुको बिक्रि वितरण सहज र सरल बनाउन कृषि उपज संकलन केन्द्र स्थापना तथा व्यवस्थापन योजना निर्माण गरिनेछ ।

❖ वन तथा भू-संरक्षण

१. निजी तथा सार्वजनिक जग्गाहरुमा वृक्षरोपण गरि वन क्षेत्रको विस्तारर वन पैदावरको आपूर्तिमा सहज हुने कार्यक्रम संचालन गरिनेछ ।
२. वन डढेलो व्यवस्थापनको लागि अग्निरेखा व्यवस्थापनमा जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।
३. गाउँपालिका क्षेत्र भित्र रहेका वन हरियाली, सिमसार, पानीका मुहान खाली क्षेत्र र नदीको तटको उचित व्यबस्थापन गरिनेछ ।
४. सामुदायिक वन पैदावरको उत्पादन प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ ।
५. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावरहरुको बिक्री बितरण तथा वन स्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।
६. वन पैदावरबाट उत्पादित वस्तुहरुको उद्योग (दुना, टपरी, काष्ठकला) निर्माणमा जोड दिईनेछ ।
७. पालिकास्तरीय वनस्पती उद्यान निर्माणमा जोड दिईनेछ ।
८. पालिका स्तरमा वन नर्सरीको निर्माण गरि यसलाई क्रमस वडा स्तरमा पनि एक वडा एक वन नर्सरीको नीति अनुसार बिस्तार गरिनेछ ।
९. पालिकाको धरातलीय स्वरुप र हावा पानी अनुसार रिठ्ठा, चिउरी, लप्सी, तेजपात, बेल, रुद्राक्ष, टिमुर, खयर, चाँप, अम्रिसो, बाँस लगाएतका बोटबिरुवाहरु सार्वजनिक तथा निजी जमिनमा रोप्न लगाई हरियाली कायम राख्नुका साथै कृषकहरुलाई आम्दानीको श्रोत निर्माणका लागि वन पैदावरबाट फाईदा पुर्‍याउने नीति तय गरिनेछ ।
१०. भिरालो जमिन तथा नाङ्गो जमिनहरुमा वृक्षरोपण गरि हरियाली कायम राख्दै भू-क्षय नियन्त्रण गर्ने नीति अपनाईनेछ ।
११. नदी किनारका जमिनहरुलाई नदी कटानबाट बग्न नदिन किनार वरपर वृक्षरोपण गरिनुका साथै अनियमित रुपमा ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने प्रक्रियालाई नियन्त्रण गरिनेछ ।

❖ संस्कृति तथा पर्यटन

१. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।

२. गाउँपालिका भित्रका संभावित पर्यटन क्षेत्रलाई वातावरण मैत्री बनाइदै लगिनेछ।
३. पर्यटन क्षेत्रलाई बिस्तार र विकास गर्न होमस्टेहरुलाई प्रोत्साहन गरिनेछ।
४. धार्मिक प्रतिष्ठानहरुको प्रवर्द्धन गर्दै सबै जातजातिको रीतिरिवाज, परम्परा आदि झल्कने गरि पालिका स्तरको सांस्कृतिक संग्राहलय निर्माण गरिनेछ।
५. त्रिवेणी मन्दिर, भीमविरेश्वर मन्दिर, मनकामना मन्दिर, बक्रेश्वरी मन्दिर, हिमालय माईको मन्दिर,अर्लाङ्दी माईको मन्दिर, कोटकालीको मन्दिर लगाएतका विभिन्न मन्दिर, गुम्बा, मस्जिद र चर्चहरुको संरक्षण र संवर्द्धनमा जोड दिई धार्मिक तथा सांस्कृतिक पर्यटन विकासमा जोड दिने नीति तय गरिनेछ।
६. प्रथम शहिद लखन थापा, जैसिंह चुमी लगाएत समाज परिवर्तनका निम्ति शहादत प्रदान गर्ने बिभिन्न शहिद तथा बेपत्ताहरुको स्मृतिमा संग्राहलय, पार्क र शान्ति वाटिका निर्माण गरि ऐतिहासिक पर्यटकीय स्थल निर्माण गर्न जोड दिइनेछ।
७. पर्यटन क्षेत्रको पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रम तथा योजनाहरु पहिचान गरी कार्यान्वयनमा ल्याईनेछ।
८. पर्यटकीय सम्भावना भएका गाउँपालिका क्षेत्रका ऐतिहासिक तथा पुरातात्विक स्थानहरुको पहिचान र विकासमा जोड दिईनेछ।
९. गाउँपालिका भित्र बिभिन्न तिथि र मितिमा हुने जात्रा, पर्व, मेला, महोत्सवहरुलाई व्यवस्थित गरी मर्यादित तुल्याइनेछ।
१०. गाउँपालिका भित्र बिभिन्न तिथि र मितिमा हुने जात्रा, पर्व, मेला, महोत्सवहरुमा बिक्री वितरण हुने मदिराजन्य बस्तुलाई व्यवस्थित गरिनुका साथै व्यक्ति, गाउँ र टोल बीच हुन सक्ने झैझगडा प्रति सचेतता अपनाईनेछ।
११. पर्यटकहरुको आकर्षण र सुविधाका लागि पुराना पाटी, पौवा, पानी पधेरा, चौतारा आदिको संरक्षण गरिने नीति तय गरिनेछ।
१२. भाषिक, धार्मिक र जातीय विविधतालाई ध्यान दिदै उनीहरुको सांस्कृतिक महत्व बोक्ने चुड्का, कौरा, सोरठी, घाँटु, भजन, बालुन, लाखे, पञ्चेबाजा जस्ता गीत र नृत्यहरुको संरक्षण गरिने उदेश्य राखिनेछ।
१३. नेपालको प्रसिद्ध धार्मिक स्थलको रुपमा परिचित माई मनकामनाको मन्दिर र यसै मन्दिरसंग धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व बोक्ने वक्रेश्वरीको मन्दिर तथा त्रिबेणी मन्दिरको बिस्तृत गुरुयोजना निर्माण गरि यसको धार्मिक तथा सांस्कृतिक पर्यटकीय महत्वलाई विश्व सामु उजागर गरिने नीति अपनाईनेछ।
१४. यस गाउँपालिका भित्र पर्यटन विकासको संभाव्यता अध्ययन र पर्यटन पूर्वाधार बिकासको लागिगुरुयोजना तयार गरिने नीति लिइने छ।
१५. पर्यटकीय आकर्षणका रुपमा रहेका सांस्कृतिक महत्व बोकेको मनकामना एवं प्राकृतिक सौन्दर्यले भरिपूर्णवैकल्पिक गन्तव्यको पहिचान गरि आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षणको विभिन्न थप कार्यक्रमहरु अगाडि बढाइनेछ।
१६. नेपालमानै प्रख्यात फलफूल अन्तर्गत सुन्तला खेती योजनालाई प्रोत्साहन स्वरुप थप लगानी मैत्रीवातावरण कृषि सहकारी समूहमार्फत व्यवस्थापन गर्ने गरि योजना तथा कार्यक्रम तय गरिनेछ।
१७. धार्मिक महत्वको धरोहर मनकामना मन्दिर पुनर्निर्माण कार्य सम्पन्न गर्न गराउन र सञ्चालन गर्न सहज वातावरणको लागि विशेष कार्यक्रम तथा नीति तय गरिनेछ।

१८. पूरातात्विक महत्व बोकेको शहिद लखन थापा गुफा तथा जलकन्या मन्दिर र दरबारको गुरुयोजनाअनुरुप योजना सञ्चालन गर्न विशेष पहल गरिनेछ।

१९. नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापाद्वारा बुंकोटघाटमा निर्मित सत्तल (भिमविरेश्वर मन्दिर) को पुर्नस्थापना गरी यसको पुरातात्विक महत्वको जगेर्ना गर्ने नीति लिइनेछ।

२०. कोटकाली मन्दिर, सन्तानेश्वर महादेव मन्दिर, बौद्धनाथ गुम्बा पैदलमार्ग स्तरउन्नती गरिनेछ।

२१. मनकामना क्षेत्रमा पर्यटन सेवा सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने नीति तय गरिनेछ।

२२. शहिद लखन गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास समिति गठन गर्ने नीति तय गरिनेछ।

२३. शहिद लखन गाउँपालिकामा प्याराफिट उडानको लागि सम्भाव्यता अध्ययन गरि सञ्चालनको लागि नीति तय गरिनेछ।

२४. मनकामना मन्दिरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्नका लागि आवश्यक पूर्वाधार तयार गर्दै लगिने छ।

❖ युवा तथा खेलकुद

१. प्रत्येक वडास्तरीय युवा क्लब निर्माण गरिनुका साथै पालिका स्तरको एउटा यूवा तथा खेलकुद समिति निर्माण गरी खेल क्षेत्रको विकासमा अभिप्रेरित गरिनेछ।

२. युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३. प्रत्येक मा.बि.मा विद्यार्थीहरुको खेलकुद समिति निर्माण गरी खेल विकास गर्न प्रशिक्षकहरुको व्यवस्था गर्ने नीति लिइनेछ।

४. गाउँपालिकाले पालिका स्तरीय अन्तर बिद्यालय र अन्तर यूवा क्लब बीच खेलकुदको आयोजना गरि खेलप्रेमीहरुलाई उत्साहित गर्ने योजना निर्माण गरिनेछ।

५. सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य र साझेदारीमा गाउँपालिकामा रहेका बिद्यालयको खेलकुद समिति र युवा क्लवहरुलाई आवश्यकता अनुसार खेलकुद सामग्री वितरण गरिने छ।

६. पालिका स्तरको रंगशाला निर्माण गरिनुका साथै गाउँटोल स्तरमा पनि सम्भाव्यता अध्ययन गरि खेल मैदान तथा कवर्ड हल निर्माणमा जोड दिईनेछ।

७. गाउँपालिकाले कुनै विशेष उत्सब वा पर्वहरु पारेर पालिका स्तरीय खेलकुदहरुको आयोजना गरि यूवाहरुमा पैदा भएको खेलप्रतिको रुचिलाई ध्यान दिदै राष्ट्रिय खेलाडी निर्माणमा ध्यान दिईनेछ।

८. स्वस्थ, तन्दुरुस्त र अनुशासनका लागि खेलकुद भन्ने नाराका साथ युवाहरुलाई खेलप्रेमी बनाउदै उनीहरुमा पैदा हुने गलत आचरण (लागु औषध दुर्व्यसनी, चोरी डकैती) हटाउने उदेश्य लिईनेछ।

९. युवाहरुमा पैदा भएको वैदेशिक रोजगारी प्रतिको आकर्षणलाई अन्त्य गर्न पशुपालन, कृषि व्यबसाय, फलफूल तथा तरकारी खेती गर्न उत्साहित गर्दै कृषि रोजगारी निर्माणका लागि योजना तय गरिनेछ।

१०. युवाहरुलाई सीप विकास र क्षमता विकासका अवसरहरु प्रदान गरि आय आर्जन मुलक क्रियाकलापमा संलग्न गराउने नीति लिईनेछ।

❖ महिला लक्षित

१. सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै महिलाका मुलभूत अधिकार सुनिश्चित गरिनेछ।

२. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्न आवश्यक कदम चालिनेछ।

३. राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाको सार्थक र समान पहुँचका लागि समान अवसरहरुको सिर्जना गर्नमा जोड दिइनेछ ।
४. महिलाहरुका लागि समन्वयात्मक रुपमा रोजगारी तथा स्वरोजगारी सृजना गर्न आयमूलक, सीपमूलक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
५. एकल महिलाहरुले भोग्दै आएका सामाजिक तथा आर्थिक कठिनाइहरु कम गर्न एकल महिलाहरुप्रति समाजले गर्ने व्यवहार सुधार गर्ने कार्यक्रमका साथै स्वरोजगार मूलक तालिम, सीप हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
६. महिला लक्षित सहकारीहरुलाई उत्पादन मुखी र सीप विकास तथा शसक्तिकरण गरी स्वरोजगार बनाइनेछ ।
७. महिला समूहद्वारा निर्मित महिला सहकारीमा आवद्ध रहेका महिलाहरु मध्येबाट उत्कृष्ट समूहलाई प्रोत्साहन रकम प्रदान गर्ने कार्यक्रम बनाइनेछ ।
८. सहकारीमा आवद्ध महिलाहरुमध्ये विपन्न महिला, एकल महिला, हिंसा पीडित महिलाहरुलाई प्राथमिकतामा राखेर आय आर्जनमुखी कार्यक्रम निर्माण गरिनेछ ।
९. सहकारीहरुको लेखा प्रणालीलाई चुस्त, दुरुस्त र पारदर्शी रुपमा संचालन गर्न लेखा तालिमको व्यबस्था मिलाइनेछ ।
१०. एकल महिला समूह गठन गरि उनीहरुको आयआर्जन र सीप विकासको लागि सुरक्षा कोष सञ्चालन गरिनेछ ।
११. आर्थिक क्षमताको आधारमा विपन्न एकल महिला पहिचान तथा वर्गिकरण गरि उनीहरुको आर्थिक स्तर वृद्धिमा ध्यान दिइनेछ ।
१२. असहाय, एकल महिला सुरक्षा आश्रम व्यवस्थापनमा ध्यान दिइनेछ ।
१३. आर्थिक रुपमा विपन्न महिलाहरुको समूह गठन गरी स्तरोन्नती कार्यक्रम संचालन गरिनेछ ।
१४. नागरिक सचेतना केन्द्रको क्षमता विकास तथा संस्थागत विकासमा जोड दिइनेछ ।
१५. सृजनशिल महिलाहरुका लागि उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।
१६. महिला शसक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१७. सीप विकास कार्यक्रमलाई प्रभावकारी तुल्याईनेछ ।
१८. महिला हिंसा विरुद्धको जनचेतनामुलक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।
१९. समावेसी तथा समतामुलक समाज निर्माणमा महिला सहभागी र नारी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
२०. अन्तर्राष्ट्रिय नारी दिवसलाई महिला मुक्तिको दिवसको रुपमा भव्यताका साथ मनाइनेछ ।
२१. जिविकापार्जन सम्बन्धी जीवन उपयोगी सीप विकास कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
२२. महिलाहरुको सहभागिता र सक्रियतालाई उत्प्रेरित गर्न महिला सहभागि योजना र कार्यक्रमहरुलाई बजेट विनियोजनमा प्राथमिकता दिइनेछ ।
२३. लैंगिक हिंसा निवारणमा पुरुष सहभागिता प्रवर्द्धनका लागि सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

❖ बालबालिका

१. बालबालिकाहरुको सुरक्षा सहभागिता र बाल अधिकारको संरक्षणको लागि गाउँपालिका स्तरीय बाल संरक्षण समिति मार्फत बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।
२. बाल क्लव गठन तथा गाउँपालिका बाल संजालको क्षमता अभिवृद्धि गरी योजना तर्जुमामा बालबालिकाको सहभागिता अभिवृद्धि गरिनेछ ।

३. यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउनको निमित्त बालमैत्री लक्षित कार्यक्रहरु तय गरिनेछ ।

४. अल्पसंख्यक, विपन्न, दलित, जेहनदार विद्यार्थीका लागि शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिनेछ ।

५. शिशु स्याहार केन्द्र (Child Care Centre) निर्माण गरि बाल बालिकाको चौतर्फी बिकासमा ध्यान दिईनेछ ।

६. पालिकाका बिभिन्न स्थानमा बाल उद्यान निर्माण गरि बालबालिकाको खुसी र मनोरञ्जनमा ध्यान पुऱ्याईनेछ ।

७. बाल श्रमको न्यूनिकरणमा ध्यान दिदै बाल श्रम शोषण प्रति कडा नीति अवलम्बन गरिनेछ ।

८. अनाथ, असहाय बाल बालिकाको संरक्षणमा ध्यान दिदै उनीहरुको बाल अधिकार प्रति सचेतता अपनाईनेछ ।

९. बाल बालिकाहरुमा पठन संस्कृतिको विकास गर्न बाल कार्यक्रमहरु संचालन गरि विभिन्न क्षमता भएका बाल बालिकाहरुलाई पुरस्कृत गरिनुका साथै अन्तर सिकाई आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

१०. बालविवाह न्यूनिकरण तथा बाल सुरक्षा योजना लागु गर्ने नीति तय गरिनेछ ।

११. बालममैत्री गाउँपालिका बनाउन आधार तथा बालमैत्री शासन कार्यविधि तय गर्ने नीति लिइने छ ।

१२. प्रत्येक वडा तथा विद्यालयहरुमा निरन्तर रुपमा बाल पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना कार्यक्रम प्रभावकारी वनाउन बालमैत्री झोला व्यवस्थापनकार्यक्रम सञ्चालन गर्ने नीति तय गरिनेछ ।

१४. बालमैत्री कक्षा कोठा निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ ।

१५. बाल अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

❖ सडक तथा यातायात

१. गाउँपालिका स्तरीय यातायात गुरु योजना तयार गरी सो योजनाले तोकेका सडकहरुलाई स्तरउन्नती गर्ने कार्यवारे वार्षिक योजना तर्जुमा कार्यसंग आवद्ध गरिनेछ ।

२. गाउँपालिका क्षेत्रमा प्राथमिकतामा परी विगत देखि नै क्रमागत रुपमा संचालन भइरहेका सडक योजनाहरुको मर्मत, संहार तथा थप स्तर उन्नती गर्न बजट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिका क्षेत्रका मुख्य सडकहरुमा लागत साझेदारीका आधारमा पक्की नाला निर्माण तथा पिच गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी उक्त जग्गाहरुको संरक्षण एवं सम्वर्द्धन गर्न आवश्यक पहल गरिनेछ । साथै सडकहरुको लगत कट्टा गर्ने कार्यलाई वडागत रुपमा क्रमश अगाडि बढाइनेछ ।

❖ खानेपानी तथा सरसफाइ

१. यस गाउँपालिकालाई स्वच्छ, हराभरा र पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्ने नीति लिइनेछ ।

२. गाउँपालिका क्षेत्रका आम नागरिकहरुलाई स्वच्छ खानेपानी उपलब्धताको लागि निर्माणाधिन खानेपानी आयोजना सञ्चालन गरिनेछन् । साथै सञ्चालनमा रहेका आयोजनाको नियमित मर्मत सम्भारमा विशेष जोड दिइनेछ ।

३. गाउँपालिकाको बजार क्षेत्रको फोहोरको दीर्घकालिन व्यवस्थापनका लागि उपयुक्त Landfield Site पहिचान तथा निर्माणको कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

४. विकासको आधारभूत पक्षको रुपमा रहेको खानेपानीको व्यवस्थापनका लागि पूर्वाधार संरचनाहरुको निर्माण एवं सुरक्षित पिउने पानीको व्यवस्थापनका लागि आगामी छ बर्ष भित्रमा एक घर एक धाराको नीति अवलम्वन गरी समुदाय र गैर सरकारी संस्थाहरुको सहभागितामा सम्पूर्ण गाउँपालिकाबासीहरुलाई सुरक्षित खानेपानी र सरसफाइको व्यवस्थापन मिलाइनेछ।

५. आफ्नो बस्ति र टोल नजिक रहेका पानीका मूलहरु कुनै एक व्यक्ति वा समूहले कब्जा गर्ने र अन्य बस्ति र टोलमा पिउने पानीको समस्या बनाउने प्रवृतिको अन्त्य गरि प्राकृतिक श्रोतको समुचित बाँडफाँडमा ध्यान दिने नीति अवलम्बन गरिनेछ।

६. गाउँ वस्तीलाई स्वच्छ हराभरा बनाउनका लागि एक घर एक चर्पीको नीति अबलम्बन गरिनेछ।

❖ भवन निर्माण

१. गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई क्रमिक रुपमा अगाडि बढाइदै लगिनेछ।

२. गाउँपालिका क्षेत्रभित्र विभिन्न संघ संस्था तथा सरकारी एवं गैरसरकारी संस्था, महिला समूह, यूवा क्लव लगाएत उस्तै प्रकृतिका अन्य संघ संस्थाहरुले भवन निर्माण गर्न गाउँपालिकाबाट वा अन्य कुनै स्रोतबाट रकम प्राप्त गरि भबन निर्माण गर्न चाहेमा अनिवार्य रुपमा आ-आफ्नो संस्थाको नाममा जग्गा धनी पुर्जा हुनुपर्ने नीति लिइनेछ।

३. ब्यक्तिहरुले नीजि घर निर्माण गर्दा अनिवार्य रुपमा घरको नक्सा पास गर्नुपर्ने नीति लिइनेछ।

४. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुमा कुनै पनि संघ संस्था वा कार्यालयले कुनै पनि किसिमको घर, भबन, टहरा सेड वा यस्तै प्रकारको संरचना निर्माण गर्न नदिइने नीति निर्माण गरिने छ।

५. सडकको दायाँ/बायाँ भबन निर्माण गर्दा मापदण्ड पूरा गरेर मात्र भबन निर्माण गरिनु पर्ने नीति लिइनेछ।

❖ स्वास्थ्य क्षेत्र

१. स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक क्षेत्रको रुपमा विकास गरी स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्न स्वास्थ्यको पहुँच सर्वसाधारण सम्म सहज रुपमा पुर्‍याउने नीति अवलम्वन गरिनेछ।

२. आधारभूत स्वास्थ्य एवं प्राथमिक स्वास्थ्य सेवाको पहुँचयोग्य नभएका समुदायमा स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन सामुदायिक स्वास्थ्य इकाइको विस्तार गरि स्वास्थ्य सेवालाई जनताको पहुँचयोग्य बनाइनेछ।

३. अति विपन्न सुत्केरी महिलाहरुलाई पोषणयुक्त खानेकुरा सुआहाराका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

४. गाउँपालिकामा स्वास्थ्य क्लिनिकहरुको स्थापना र भौतिक पूर्वाधारमा ध्यान दिइनेछ।

५. स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य क्षेत्रलाई सम्पादन गर्ने सेवालाई समयानुकूल गुणस्तरीय बनाउन पहल गरिनेछ।

६. नेपाल सरकारको एक वडा एक स्वास्थ्य चौकी निर्माणको अवधारणालाई अवलम्बन गरिनेछ।

७. जिल्ला जनस्वास्थ्य कार्यलयसंगको समन्वय र सहकार्यमा महिलाहरुको प्रजनन स्वास्थ्य सुरक्षाको लागि वर्थिङ्ग सेन्टर निर्माण तथा स्तर उन्नतीलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

८. नेपाल सरकारद्वारा घोषित पालिका स्तरमा एक सुविधा सम्पन्न २५ शैयासम्मको अस्पताल निर्माण गर्ने योजनालाई मूर्तरुप दिन पहल गरिनेछ।
९. सुखी र सम्पन्न परिवार निर्माणका लागि जन्मान्तर, घटना दर्ता, बाल बिवाह, बहु बिवाह जस्ता कार्यहरुमा पालिकाले जनसङ्ख्या सम्बन्धी बिशेष नीति लिनेछ।
१०. प्रत्येक स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टर स्थापना गरि मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्ने नीति तय गरिनेछ।
११. स्वास्थ्य संस्थामा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कार्यक्षेत्रमा रूचि जगाउका निमित्त थप सुविधा प्रदान गर्ने नीति लिइनेछ।
१२. बहु क्षेत्रीय पोषण सुधार कार्यक्रम प्रवर्द्धन गर्ने नीति लिइनेछ।
१३. गर्भवती परीक्षण तथा सुत्केरी महिला प्रोत्साहन रकम शहिद लखन गाउँपालिकाबाट प्रत्येक स्वास्थ्य चौकीबाटै प्राप्त गर्ने गरी नीति तय गरिनेछ।
१४. गाउँघर खोप क्लिनिकलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउने नीति लिइनेछ।
१५. अव्यस्थित र नियम विपरित संचालनमा आएका मेडिकल हलहरुलाई नियमानुसार संचालनमा ल्याउने नीति तय गरिने छ।
१६. स्वास्थ्य चौकी निर्माण नभएका वडाहरुमा क्रमागत रुपमा स्वास्थ्य चौकी निर्माण गर्नका लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

❖ शिक्षा क्षेत्र

१. शिक्षा क्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर आदिको व्यवस्थापनमा पहल गरिनेछ।
२. विपन्न, अनाथ, जेहेन्दार विद्यार्थीहरुका लागि पोशाक, शैक्षिक तथा खेलकुद सामग्री वितरणको कार्यक्रम संचालन गरिनेछ।
३. शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि तालिम तथा गोष्ठीहरुको संचालन गरिनेछ।
४. पालिकाका सबै विद्यालयहरुलाई बाल मैत्री विद्यालयको रुपमा विकास गर्ने योजना तय गरिनेछ।
५. बाल कक्षा (ECD) व्यबस्थापनका लागि विशेष पहल गरिनेछ। साथै बाल कक्षा सहजकर्ताहरुका लागि उचित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।
६. बाल बालिकाहरुको सिकाई उपलब्धी अभिबृद्धि गर्न बाल शिक्षिकाहरुका लागि बाल मनोविद् र मन्टेश्वरी तालिम/प्रशिक्षण संचालन गरिनेछ।
७. बिद्यालयहरुमा शैक्षिक स्तर वृद्धिका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु तयार गर्दै पुस्तकालय, प्रयोगशाला, ल्याब आदिको व्यबस्था गरिनेछ।
८. प्रत्येक बिद्यालयहरुलाई सूचना प्रविधि मैत्री बिद्यालयको रुपमा विकास गर्ने लक्ष्य लिईनेछ।
९. गाउँपालिकाका आधारभूत एक र माध्यामिक एक बिद्यालयलाई नमूना बिद्यालयका रुपमा विकास गरि अन्य बिद्यालयहरुलाई पनि क्रमश नमुना बिद्यालयका रुपमा विकसित गर्दै लैजाने नीति लिईनेछ।
१०. सामुदायिक सिकाई केन्द्र (CLC) हरुलाई व्यबस्थित गरिनेछ। अनौपचारिक शिक्षाको माध्यमद्वारा समुदायलाई सुशिक्षित बनाउने उदेश्य लिईनेछ। गाउँपालिकाबाट सबैभन्दा नजिक पर्ने एक CLC लाई सूचना केन्द्रको रुपमा विकसित गरिनेछ। यसैलाई आय आर्जन गर्ने थलोको माध्यमको रुपमा समेत विकसित गर्ने लक्ष्य लिइनेछ।
११. विद्यालय स्तरका सबै परीक्षाहरुलाई (मूल्याङ्कन पद्धति) व्यबस्थित र मर्यादित बनाउन पहल गरिनेछ।

१२. विद्यार्थीहरुको शैक्षिक विकासका साथै व्यवसायिक सीप अभिवृवद्धि गर्न आवश्यकताका आधारमा क्षेत्रगत रुपमा छुट्टाछुट्टै प्राविधिक विद्यालयहरुको स्थापनाका लागि पहल गरिनेछ ।

१३. पालिका भित्रका माध्यमिक बिद्यालयहरुको स्तरोन्नती गर्दै कलेज निर्माणको लागि आवश्यक पूर्वाधार निर्माणमा ध्यान दिइनेछ ।

१४. पालिका अन्तर्गत कार्यरत शिक्षक/कर्मचारीहरुको मनोबल उच्च राख्न उचित पुरस्कारको व्यवस्थापन गरिनेछ ।

१५. बाल कक्षा शिक्षकको तलव भत्तामा सुधार गरि वाल मैत्री कक्षा सञ्चालनलाई प्रभावकारी बनाइनेछ ।

१६. उत्कृष्ट विद्यालय तथा उत्कृष्ट विषयगत शिक्षक पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. शहिद लखन गाउँपालिका स्तरीय रनिङ्ग शिल्ड र रनिङ्ग कप खेलकुद कार्यक्रम सञ्चालन गरी विद्यार्थीको खेल प्रतिभालाई निखार्दै लैजाने नीति अपनाईनेछ ।

१८. आधारभूत तहका विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुलाई शैक्षणिक क्रियाकलाप र शिक्षण सिकाई सहयोगी तालिमको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१९. निजी तथा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको पोसाकमा एकरुपता कायम गर्ने नीति तय गरिनेछ ।

२०. गाउँपालिका भित्रका विद्यालयहरुलाई आवश्यकता, क्षमता र औचित्यताको आधारमा प्राविधिक शिक्षा सञ्चालन गर्दै लैजाने नीति तय गरिनेछ ।

२१. प्रदेश सरकार सँगको साझेदारीमा गाउँपालिका भित्र एक बृहत पुस्तकालयको स्थापना गरिनेछ। यसले पालिका भित्रका अध्ययनशिल युवाहरुलाई अध्ययन गर्ने बानीको विकास गर्दै लैजाने नीति लिइनेछ ।

२२. विद्यालय शिक्षालाई खेलकुदसँग आवद्ध गरी विद्यालय तथा विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा लाग्न अभिप्रेरित गरिनेछ। साथै यसबाट स्वस्थ जनशक्ति उत्पादन गर्ने अपेक्षा गरिएको छ ।

२३. शिशु कक्षा सञ्चालन कार्यविधि तथा शैक्षिक कार्य योजना सुधार गरिनेछ ।

❖ गैरसरकारी संस्था/उपभोक्ता समिति

१. गाउँपालिका विकासका साझेदारको रुपमा गैरसरकारी संस्थाहरुलाई लक्षित वर्गसम्म पुग्नेगरी कार्यक्रम संचालन गरिनेछ ।

२. गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट संचालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम गर्नुपूर्व नै गैर सरकारी संस्थाहरुले आगामी बर्षको आ-आफ्नो कार्यक्रम सहित गाउँपालिकाबाट स्वीकृत लिनुपर्नेछ ।

४. आयोजना संचालन संबन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।

५. समयमै गुणस्तरीय रुपमा योजना सम्पन्न गर्ने उपभोक्ताहरुलाई प्रोत्साहन दिने नीति लिइनेछ ।

६. गैर सरकारी संस्थाद्वारा गठित उपभोक्ता समितिहरु गाउँपालिकामा प्रमाणित गरिनुपर्ने नीति लिईनेछ ।

❖ सहकारी क्षेत्र

१. गाउँपालिका क्षेत्रभित्र संचालित सबै किसिमका सहकारी संस्थाहरुको नियमन गर्न गाउँपालिकाले ऐन तर्जूमा गरी सहजीकरण गर्ने नीति लिइनेछ ।

२. सहकारी संस्थाहरुको क्षमता विकास र पारदर्शिताका लागि गाउँपालिकाले उपयुक्त वातावरणको सृजना गर्नेछ ।

३. कृषि सहकारी संस्थाहरुले कृषि क्षेत्रमा कृषकहरुलाई अझ बढि लाभ दिने गरि एकै किसिमको नीति र व्यवस्थापन प्रकृया अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।

४. कृषि सहकारी संस्थाहरुको समेत योगदान रहने गरि गाउँपालिकामा एक कृषि पूर्वाधार कोषको स्थापना गरिनेछ, उक्त कोषबाट कृषि क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण कार्यमा मात्र खर्च गरिनेछ। कोषमा सहकारी संस्थाहरुको योगदान अंश आपसी सहमतिमा तय गरिनेछ।

५. बचत सहकारी, उत्पादन सहकारी र बितरण सहकारीको निर्माण गर्दै गाउँपालिकाका मानिसहरुलाई सहकारीमा आवद्ध गराई सहुलियत प्रदान गराईनेछ।

६. सहकारी संस्थालाई नजबुद, सक्षम र सुदृढ तुल्याउने उदेश्य बमोजिम कुनै एक सहकारी संस्थामा आवद्ध सदस्य अर्को सहकारी संस्थामा बस्न नमिल्ने नीति लिईनेछ।

७. गाउँपालिका स्तरको एउटा उत्पादन कम्पनी निर्माण गरि कृषि जन्य उत्पादनमा बिशेष जोड दिईनेछ।

❖ ज्येष्ठ नागरिक, आदिवासी जनजाति दलित, मुश्लिम, भिन्न क्षमता भएका व्यक्ति तथा पिछडा बर्ग

१. आदिवासी जनजाति, तथा मुश्लिम समुदायको भाषा, धर्म, कला, संस्कृति, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। साथै लक्षित कार्यक्रमको माध्यमद्वारा उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक विकासमा विशेष ध्यान दिइनेछ।

२. ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भत्ता प्रदान, ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. दलित तथा उत्पीडित वर्गको समग्र आर्थिक उन्नतीको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायिकरण गर्नको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४. भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बिउ पूँजी सहितका आयमूक कार्यक्रम संचालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ।

५. गाउँपालिका भित्रको कुनै एक स्थानमा बृद्धाश्रम निर्माण गरी असहाय वृद्ध वृद्धाहरुलाई संरक्षण गर्ने नीति लिईनेछ।

❖ भुकम्प प्रभावित पुनः निर्माण कार्यक्रम

१. लाभग्राहीहरुको सम्झौता तथा किस्ता निकास प्रकृयालाई थप व्यवस्थित बनाईनेछ।

२. भुकम्प पुर्ननिर्माणमा नक्सा पास प्रकृयालाई सरलीकृत गरी छरितो प्रकृया अबलम्बन गरिनेछ।

३. राष्ट्रिय पुन निर्माण प्राधिकरणबाट स्वीकृत नक्सा डिजाइन बमोजिमका घर निर्माण गर्ने लाभग्राहीलाई नक्सा पास दस्तुरमा छुट दिने व्यवस्था गरिने छ।

४. प्राविधिकहरुको परिचालन र प्राविधिक सल्लाह सुझावलाई व्यवस्थित बनाउन जिल्ला आयोजना कार्यन्वयन इकाईसंग सहकार्य गरिनेछ।

५. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने स्थायी घर संरचनालाई भुकम्प प्रतिरोधी बनाउनको लागि नेपाल सरकारबाट स्वीकृत ऐन, नियम, कार्यविधि तथा मापदण्ड कडाइका साथ पालना गर्ने गराइनेछ।

६. गाउँपालिकाको स्वीकृति नलिई आफुखुसी घर बनाउने कार्यलाई निरुत्साहित गर्ने गाउँपालिकाबाट अनुगमनको व्यबस्था गरिनेछ। नक्सा पास नगराई बनेका घर संरचनालाई गाउँपालिकाबाट कुनै पनि किसिमको क्षतिपूर्तिको व्यबस्था नगरी कुनै पनि समयमा भत्काउन सकिनेछ। नक्सा पास

नगराइ घर बनिरहेको सूचना दिने व्यक्तिको पहिचान गोप्य राखी घर धनीलाट जरिवानास्वरुप असुल गरिएको रकमको निश्चित प्रतिशत पुरस्कारस्वरुप प्रदान गर्ने व्यबस्था समेत मिलाइनेछ।

७. गाउँपालिका क्षेत्र भित्रका घर जग्गाहरुमा रहेका बाटो लगत कट्टा गर्ने प्रक्रियालाई द्रुत गतिमा अघि बढाइनेछ।

८. भूकम्प पीडित लाभग्राहिमा रहेका जेष्ठ नागरिक, एकल महिला तथा अपांगहरुको हकमा घर निर्माण गर्न सहजीकरण गरिदिने नीति लिइनेछ।

९. भूकम्प पीडित व्यक्तिहरुको नामवली लाभग्राही सूचिमा छुट हुन गई गुनासो दर्ता गर्ने लाभग्राहिको गुनासो सुनुवाई प्रकृयालाई छिटोछरितो र व्यवस्थित बनाउन आवश्युक पहल गरिनेछ।

१०. आफ्नो नाममा जग्गाधनी पुर्जा नभएका भूकम्प पीडितहरुको हकमा उपर्युक्त नीति तथा निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गरिनेछ।

११. प्रत्येक वडाहरुमा रु १ लाखको दरले घुम्ती कोषको रुपमा निजी आवाश पुननिर्माणको लागि विउ पूँजि निर्माण गरिनेछ।

❖ राजश्व सम्बन्धी नीति

१. यस गाउँपालिकाले कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउनका लागि करको दायरालाई विस्तार गर्दै व्यवसायिक करमा आवद्ध नभएका सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, करका दरहरुलाई समयानुकूल संशोधन गरिने, एकीकृत सम्पती कर असुली कडाईका नीति अवलम्बन गरिने रघरवहाल करलाई समेत प्रभावकारी तुल्याउदै स्वयम् घोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक आम्दानीको क्षमता अभिवृद्धि गरिनेछ।

२. एकीकृत सम्पतिकर, विज्ञापनकर, व्यवसायकर, घरबहाल करलाई व्यवस्थित रुपमा संकलन गर्न गाउँपालिका भित्रका बिद्यालयहरुसंग साझेदारी तथा सहकार्य गरी करदाता शिक्षा तथा करदाता लगत तथा सूचना संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ।

३. करको दर परिमार्जन सहित करका दायराहरु फराकिलो पार्न नयाँश्रोतहरुको पहिचान गरिनेछ।

४. गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ।

५. समयमा कर तथा शुल्क तिर्ने गाउँपालिकाबासीलाई थप हौसलास्वरुप निश्चित प्रतिशत शुल्क छुट दिइनेछ। समयमा कर तथा शुल्क नतिर्ने गाउँपालिकाबासीलाई जरिवाना गरिनुका साथै वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने प्रणाली स्थापना गरिनेछ।

❖ घरेलु तथा साना उद्योग

१. गाउँपालिका भित्रका बेरोजगार युवा तथा युवतीहरुलाई विभिन्न प्रकारका सीपमूलक तालिमहरु प्रदान गरी आत्मनिर्भर बन्न प्रोत्साहित गरिनेछ।

२. गाउँपालिकाले विभिन्न प्रकारका जस्तैः ड्राईभिङ्ग, हाउस वाईरिङ्ग, प्लम्बर, सिलाई बुनाई, पेन्टिङ्ग, सिकर्मी, डकर्मी जस्ता सीपमूलक तालिमहरुको संचालन गर्ने नीति अबलम्बन गरिनेछ।

३. रैथाने परम्परागत स्थानीय सीपको विकास र प्रबर्धनमा जोड दिइनेछ। जस्तैः (गुन्द्री, चकटी, मान्द्रो, डोको, थुम्से, बुन्ने, हलो, कुटो, कोदालो आदि निर्माण)

४. स्थानीय र परम्परागत रुपमा कार्य गर्दै आइरहेका आरन, सिलाई बुनाई तथा ढाका कपडा उत्पादन जस्ता कार्यहरुलाई घरेलु उद्योगको रुपमा विस्तार गर्दै लगिने छ।

५. स्थानीय स्तरमा भएका जडीबुटी, फलफूल, वन पैदावार, खानी जन्य वस्तुहरुको उत्खनन् तथा प्रसोधन गरी त्यसको उद्योग संचालनमा जोड दिईने छ।

६. बाँस तथा वेतबाँस जन्य वस्तुहरुको उत्पादनका लागि तालिमको व्यवस्था गर्दै उद्योग निर्माणमा जोड दिईनेछ।

७. गाउँ सभा बैठकमा उपाध्यक्ष श्री इन्दिरा तिवारीले प्रस्तुत गर्नु भएकोआर्थिक वर्ष २०७५/०७६ को बजेट बक्तव्य

आदरणीय सभाध्यक्ष महोदय,

संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएपछि संविधान र संघीय सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट पछि स्थानीय सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवान्वित भएकों छु।

राष्ट्रिय स्वाधिन्नता, स्वतन्त्रता, लोकतन्त्र, गणतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि बलिदान गर्ने अमर शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछुमुलुकको परिवर्तन अग्रगमनका लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्नु हुने सबै राजनीतिक अग्रजप्रति सम्मान व्यक्त गर्न चाहान्छु ऐतिहासिक जनआन्दोलन, सशस्त्र विद्रोह, सशस्त्र संघर्ष तथा जनयुद्ध र जनआन्दोलन लगाएत सबै प्रकारका त्याग र बलिदानका गौरवपूर्ण इतिहासलाई स्मरण गर्न चाहन्छु । साथै घाइते, बेपत्ता योद्धा एवं पीडित परिवार र नागरिकप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

राज्यको निर्देशक सिद्धान्त, संघीय सरकारको आर्थिक नीति र दिगो विकासका लक्ष्य प्राप्ति, प्रदेश सरकारको नीति तथा कार्यक्रम र शहिद लखन गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु । मैले यस सम्मानित सभामा गाउँ कार्यपालिकाका सदस्यज्यूहरुको सल्लाह सुझाव तथा विभिन्न समाजसेवी, राजनीतिक दलका नेता गणहरुको सल्लाह सुझावलाई समेत ध्यानमा राखि बजेट निर्माण गरेको छु। स्थानीय तहमा रहेका सबै प्रकारका विभेद, वहिष्करण, उत्पीडन, वञ्चितिकरण र असमानताको अन्त्य गर्नको लागि समन्यायिक वितरण र पुनर्वितरणका माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण गरिने छ ।

गाउँपालिकाले बजेटका उद्देश्य र प्राथमिकताको कार्यान्वयनकालागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र रणनीतिक साझेदारी गर्दै उपलब्ध श्रोत र साधनको उपयोग गरिनेछ ।

सभाध्यक्ष महोदय,

वित्तीय संघीयता कार्यान्वयनका लागि बनाइएका मानक र मापदण्डको आधारमा स्थानीय सरकारले प्राप्त गरेको र प्राप्त गर्ने वित्तीय समानीकरण, शर्सत अनुदान, समपूरक तथा विशेष अनुदान र राजश्व बाडँफाटँलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्राथमिकीकरण गरी लगानी केन्द्रित गरेको छु। यो लगानीबाट स्थानीय स्तरको विकास र समृद्धिका प्रमुख लक्ष्यहरु हासिल गर्न उत्पादन बृद्धि, गरिबी न्यूनीकरण र रोज़गारी तथा स्वरोजगारीका अवसरमा अभिवृद्धि गर्दै समुन्नत गाउँपालिकाको जग बसाल्ने दिशातर्फ केन्द्रित गरेको छु।

शहिद लखनको विकास र समृद्धिको द्वार, कृषि, पर्यटन र जलस्रोत मूल आधार भन्ने नारालाई सार्थक तुल्याउन र गाउँपालिकालाई समृद्ध बनाउन कृषि, सडक, भौतिक पूर्वाधार, पर्यटन लगायतका क्षेत्रमा प्राथमिकता दिइएको छ।

यस गरिमामय गाउँसभामा मैले मिति २०७५/३/३ गतेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्णय गरे अनुसार गाउँपालिकाको रू अड्चालिस करोड चौध लाख एकचालिस हजार सात सय सैतिस रुपैयाँ बराबरको बजेट सीमामा रहि यस आर्थिक वर्षको बजेट विनियोजन गरेको छु।

त्यस अन्तर्गत संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान मार्फत रु चौध करोड पचासी लाख रुपैयाँ, सशर्त अनुदान तर्फबाट रु सोह्र करोड चौबीस लाख र राजश्व बाडँफाँट बाट रु छ करोड चौहत्तर लाख एक्काईस हजार प्राप्त भएको छ। यसरी संघीय सरकारबाटशहिद लखन गाउँपालिकाले जम्मा रु सैतिस करोड त्रियासी लाख एक्काइस हजार प्राप्त गरेको जानकारी यस सभामा गराउदछु।

9856041144

सभाध्यक्ष महोदय,

- यसै गरी गण्डकी प्रदेश सरकारबाट वित्तीय समानिकरण मार्फत रू एक करोड एक्काईस लार्ख पन्ध्र हजार, राजश्व बाडँफाँट मार्फत बत्तीस लाख पचपन्न हजार सात सय सैतीस रुपैया प्राप्त गरेको छ ।
- राजश्व परामर्श समितिको मिति २०७५/२/३० गतेको बैठकले यस आ.व. मा रु एक करोड सत्ताइस लाख पचास हजार बरावरको आन्तरिक राजश्व संकलन हुने प्रक्षेपण गरेको छ ।
- जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला तथा दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ताका लागि रु सात करोड पचास लाख रुपैयाँ सशर्त अनुदानमा प्राप्त हुने अनुमान गरिएको यस सभा समक्ष जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,

हामीलाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा गाउँपालिकाको आन्तरिक राजश्व समेतको आधारमा आगामी आ.व. २०७५/०७६को लागि रु अड्चालिस करोड चौध लाख एकचालिस हजार सात सय सैतिस रुपैया बरावरको रकमलाई मिति २०७५/३/१० गतेको कार्यपालिको बैठक र मिति २०७५/३/३ गतेको बसेको श्रोत अनुमान तथा बजेट निर्धारण समितिको बैठक, विषयगत समिति एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र गाउँ कार्यपालिकाको मिति २०७५/३/२८ गतेको छलफलबाट प्रस्तावित चालु खर्च तथा पूँजीगत योजना तथा कार्यक्रम स्वीकृत गरी तर्जुमा गरिएको शहिद लखन गाउँपालिकाको विनियोजन विधेयक, २०७५ छलफल एवं स्वीकृतिको निम्ति यस गरिमामय सभा समक्ष पेश गर्न गैरहेको छु ।

सभाध्यक्ष महोदय,

- गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को प्रस्तावित अठ्चालिस करोड चौध लाख एक्न्नब्बे हजार सात सय सैतिस रुपैया कूल बजेट मध्ये चालु तर्फ जम्मा अठ्ठाइस करोड छयासि लाख चोराास हजार रुपैँया र पूँजीगत योजना कार्यक्रम तर्फ रु उन्नाइ करोड सत्ताईस लाख सन्ताउन्न हजार सात सय सैतिस रुपैया विनियोजन गरेको छु ।

चालु खर्च कार्यक्रम-तर्फ

सभाध्यक्ष महोदय,

- यस शहिद लखन गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तलब भत्ता तथा सुविधाको लागि रु दुई करोड चौवालिस लाख सतासी हजार रुपैया विनियोजन गरेको छु ।
- त्यसैगरी पदाधिकारीको मासिक सुविधा र अन्य सुविधाको लागि रु एक करोड सात लाख सन्तानब्बे हजार रुपैया विनियोजन गरेको जानकारी गराउन चाहन्छु ।
- कार्यालय संचालन तर्फ रु एक करोड दश लाख रुपैया बरावर हुने गरि विनियोजन गरिएको छ ।
- संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानको कार्यक्रम संचालन गर्न रु सोह्र करोड चौबिस लाख रुपैया विनियोजन गरिएको छ ।
- त्यसै गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्न सात करोड पचास लाख रुपैयाँ अनुमान गरि विनियोजन गरेको छु ।

पूँजीगत योजना कार्यक्रम तर्फ

सभाध्यक्ष महोदय,

अब म पूँजीगत बजेटतर्फ विषयगत हिसाबले प्रस्तावित बजेट तथा कार्यक्रमबारे यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु। गाउँपालिकाको नागरिकहरुको समस्या र आवश्यकता, दिगो विकास एवं समृद्ध गाउँपालिका निर्माणको विषयलाई ध्यानमा राखि टोल, वस्ति, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदैं गाउँ कार्यपालिकाको बैठकको छलफल एवं निर्णयको आधारमा तर्जुमा गरिएको शहिद लखन गाउँपालिकाको आ.व. २०७५/०७६ को पूँजीगत तर्फ उन्नाईस करोड सत्ताइस लाख सन्ताउन्न हजार सात सय सैतिस रुपैया प्रस्ताव गरेको छु।

अ) आर्थिक विकास

- आर्थिक विकासको लागि कूल एक करोड चौउन्न लाख रुपैया रकम विनियोजन गरेको छु।
- यस मध्ये, पर्यटन क्षेत्रको विकास र विस्तारको लागि रु पच्चिस लाख रुपैया विनियोजन गरेको छु।
- कृषि क्षेत्रको विकास तथा कृषक अनुदान र सहयोगको विकासको लागि रु अठूसट्ठी लाख रुपैया विनियोजन गरेकोछु।
- पशु पालक कृषक हरुको लागि रु साठी लाख रुपैया विनियोजन गरेको छु।
- त्यसै गरी सहकारी क्षेत्रको विकासको लागि रु एक लाख रुपैया विनियोजन गरेको जानकारी यस सभामा गराउदछु।

आ) सामाजिक विकास

- सामाजिक विकास क्षेत्रको लागि कूल तीन करोड सतहत्तर लाख सन्ताउन्न हजार सात सय सैतिस रुपैया विनियोजन गरेको छु।
- यस मध्येबाट खानेपानी तथा सरसफाई क्षेत्रको लागि रु त्रिपन्न लाख पचाँस हजार रुपैया विनियोजन गरेको छु।
- संस्कृति क्षेत्रको संरक्षण र प्रवर्धनको लागि त्रिचालिस लाख रुपैया विनियोजन गरिएकोछ।
- त्यसै गरी लैङ्गिक समानता र सामाजिक समावेशिकरण क्षेत्रको लागि अट्चालिस लाख सइतिस हजार सात सय सैतिस रुपैया विनियोजन गरेको छु।
- शिक्षा क्षेत्रको विकासको लागि एक करोड पन्ध्र लाख पचास हजार विनियोजन गरेको छु बालकक्षा सहजकर्ताहरुको मासिक भत्ता रु तीन हजारको दरले थप हुने गरी रकम विनियोजन गरेको समेत यस सभामा जानकारी गराउन चाहन्छु।
- स्वास्थ्य क्षेत्रको लागि रु एकसट्ठी लाख रुपैया विनियोजन गरेको छु। सशर्त अनुदान मार्फत एक वटा बाह्य खोप केन्द्र निर्माण गर्न रकम प्राप्त भएको र दुर-दराजका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले थप एक बाह्य खोप केन्द्र निर्माण गर्न रकम विनियोजन गरिएको छ।
- यूवा तथा खेलकुद क्षेत्रको विकास गर्न रु बाउन्न लाख सत्तरी हजार रुपैया विनियोजन गरिएको छ।
- विभिन्न संघ संस्था अनुदानको लागि रु पचास हजार रुपैया, टोल सुधारको लागि रु एक लाख रुपैया र फर्निचर खरिदको लागि रु दुई लाख रुपैया विनियोजन गरेको छु।

इ) पूर्वाधार विकास

- पूर्वाधार विकासका लागि कूल नौ करोड एकाउन्न लाख असी हजार रुपैया विनियोजन गरेको छु।
- यातायात सुविधालाई सरल र सहज बनाउन सडक निर्माण तथा स्तरउन्नती गर्नको लागि रु छ करोड एकसठ्ठी लाख रुपैया विनियोजन गरेको छु। यस मध्ये रामशाह घाट ढाडबारी तिउरेभञ्ज्याङ्ग मनकामना सडक स्तरउन्नती तथा कालोपत्रेको लागि रु एक करोड विनियोजन गरेको छु। यसै गाउँपालिकाको अन्य मुख्य सडकहरुको लागि पनि आवश्यक रकम विनियोजन गरेकों छु।
- गाउँ घरमा रहेका गोरेटो बाटो तथा सिढि निर्माण गर्न रु एक्काईस लाख असी हजार रुपैया विनियोजन गरेको छु।
- वडा कार्यालय भवन बन्न बाँकी रहेका विभिन्न वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन निर्माण तथा मर्मत संहारको लागि रु दुई करोड चौवालिस लाख रकम विनियोजन गरेको छु।
- उर्जा क्षेत्रको विकास र बिद्युतिकरणको लागि चौबिस लाख विनियोजन गरेको छु मनकामना बजार क्षेत्रमा पर्यटकहरुलाई मध्येनजर गर्दै सोलार बत्ती जडान गर्न बजेट विनियोजन गरेको यस सभा समक्ष जानकारी गराउदछु।
- यस गाउँपालिका क्षेत्र अन्तरगत राईनास ठेउवाटारमा रहेका झोलुङ्गे पुलहरुको मर्मत संहार गरि आवागमनलाई सहज बनाउन रु एक लाख विनियोजन गरेको छु।

ई) वन, वातावरण तथा विपद् व्यवस्थापन

- वन वातावरण तथा विपद् व्यवस्थापनको लागि रु त्रिपन्न लाख पचास हजार विनियोजन गरेको छु।
- वातावरण संरक्षण, वन जंगल संरक्षणको लागि रु पाँच लाख पचास हजार विनियोजन गरेको छु। यस अन्तरगत गाउँपालिकामा नर्सरीको स्थापना गरी उपयोगी हुने खालका बोटविरुवा उत्पादन गरी सामुदायिक वन तथा कृषकहरुलाई वितरण गरिनेछ।
- फोहोर मैला व्यवस्थापन तथा सरसफाइ गरी वातावरणलाई स्वच्छ र सफा बनाउनकालागि रु आठ लाख रुपैया विनियोजन गरिएको छ।
- जलवायु परिवर्तले गर्दा विभिन्न समस्याहरु देखा परेको हुदा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न जलवायु अनुकूलन कोषको लागि रु दुई लाख पचास हजार विनियोजन गरेको छु।
- विभिन्न विपद् तथा भैपरि आउने समस्याहरुको समाधानका लागि विभिन्न कोषहरुमा सैतिस लाख पचास हजार रुपैया विनियोजन गरेको कुरा यस सभामा जानकारी गराउदछु।

उ) सुशासन तथा संस्थागत विकास

- सुशासन तथा संस्थागत विकासको लागि दुई करोड उनान्सत्तरी लाख सत्तरी हजार विनियोजन गरेको छु।
- गाउँपालिका र यस अन्तरगतका कार्यालयको कर्मचारी, पदाधिकारी तथा उपभोक्ता समितिको क्षमता विकास तथा संस्थागत विकासको लागि रु दुई करोड छब्बीस लाख सत्तरी हजार विनियोजन गरेको छु।
- मानव संसाधन तथा व्यवस्थापन कोषको लागि रु दुई लाख पचास हजार विनियोजन गरिएको छ।

- सामाजिक सुशासन र गाउँपालिकाका गतिविधिहरुलाई जनता सामु सार्वजनिकीकरण गर्नका लागि सार्वजनिक सुनुवाई अन्तर्गत रु पाँच लाख रुपैया विनियोजन गरिएको छ।
- गाउँपालिका र अन्तरगतका कार्यालयहरुलाई सूचना प्रबिधि मैत्री बनाउदै लैजाने उदेश्य अनुरुप सूचना र प्रबिधिका लागि रु पैतिस लाख पचास हजार विनियोजन गरिएको छ।

ऊ) विभिन्न कोष ब्यवस्थापन

- विभिन्न कोषहरुको ब्यवस्थापन गर्न एक करोड एक्काईस लाख रुपैया विनियोजन गरिएको छ। जस अन्तरगत प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्कार अक्षय कोषको लागि रु पाँच लाख र माई मनकामना पुरस्कार अक्षयकोषको लागि रु पाचँलाख रकम विनियोजन गरिएको छ।
- यसै गरी गाउँपालिका अन्तरगत विपन्न भूकम्प पीडित लाभग्राहीहरुलाई निजी आवास पुन निर्माणमा सहयोग पुर्‍याउनको निम्ति भूकम्प पीडित घुम्ति कोष (विउँ पूँजीको रुपमा)स्थापनागर्न प्रत्येक वडालाई रू एक लाखका दरले हुने गरी रु नौ लाख रुपैया विनियोजन गरेको छु।

८. योजना कार्यक्रम तथा बजेट

८.१. आ.व. २०७५/०७६ को स्रोत अनुमान

क्र.स.	शीर्षक	वार्षिक वर्ष ०७५/०७६ को अनुमान (रु)
१	आन्तरिक स्रोत	१,२७,५०,०००/-
१.१	एकीकृत सम्पति कर	३,००,०००/-
१.२	घर वहाल कर	२,००,०००/-
१.३	सवारी साधन (कर, सवारी साधन कर, सवारी दर्ता)	८,००,०००/-
१.४	विज्ञापन कर	२,५०,०००/-
१.५	व्यवसाय कर तथा रजिष्ट्रेसन दस्तुर	१,५०,०००/-
१.६	अन्य कर (केबलकार सेवा संचालन कर)	४८,००,०००/-
१.७	अन्य सेवा शुल्क तथा विक्रि	३०,००,०००/-
१.८	नक्सापास दस्तुर	५,००,०००/-
१.९	सिफारिस दस्तुर	१२,००,०००/-
१.१०	व्यक्तिगत घटना दस्तुर	१२,००,०००/-
१.११	अन्य दस्तुर (पशुपंछी सरसफाई शुल्क)	१२,००,०००/-
१.१२	न्यायिक दण्ड, जरिवाना र जफ़त	२,००,०००/-
२	राजश्व वाँडफाँडबाट प्राप्त रकम	७,०६,७६,७३७/-
२.१	अन्य बाँडफाँड हुने राजश्व वाँडफाँड- संघिय सरकार	६,७४,२१,०००/-
२.२	अन्य बाँडफाँड हुने राजश्व बाँडफाड- प्रदेश सरकार	३२,५५,७३७/-
३	अन्तरसरकारी वित्तिय हस्तान्तरण	३,९८,१५,०००/-
३.१	संघिय सरकार	३८,५९,००,०००/-
३.१.१	समानिकरण अनुदान	१४,८५,००,०००/-
३.१.२	शसर्त अनुदान	२३,७४,००,०००/-
३.२	प्रदेश सरकार	१,२१,१५,०००/-
३.२.१	समानिकरण अनुदान	१,२१,१५,०००/-
	कुल जम्मा	४८,१४,४१,७३७/-

८.२. आ.व. ०७५/०७६ को स्वीकृत चालु खर्च शीर्षक तथा विनियोजित बजेट

* कार्यालय संचालन तथा प्रशासनिक खर्च

रकम रु हजारमा

सि.नं.	कार्यक्रम / आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	खर्च शिर्षक	विनियोजित (रु)	आन्तरिकश्रोत (रु)	श्रोत		
						अन्तर सरकारी वित्तीय हस्तान्तरण		
						नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
१	कर्मचारी तलब		२१११११	२३०२७	२३०२७			
२	पदाधिकारी सुविधा		२११११२	७१४०	७१४०			
३	पोशाक भत्ता		२११२१	२५०	२५०			

सि.नं.	कार्यक्रम / आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	खर्च शिर्षक	विनियोजित (रु)	आन्तरिकश्रोत (रु)	श्रोत		
						अन्तर सरकारी वित्तीय हस्तान्तरण		
						नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
४	स्थानीय भत्ता		२११३१	३६०	३६०			
५	महंगी भत्ता		२११३२	६००	६००			
६	कर्मचारी बैठक भत्ता		२११३४	२५०	२५०			
७	पदाधिकारी बैठक भत्ता		२११४१	२९००	२९००			
८	पादाधिकारी अन्य सुविधा		२११४२	६५७	६५७			
९	पानी बिजुली		०	६००	६००			
१०	संचार महशुल		२२११२	५००	५००			
११	ईन्धन कार्यालय प्रयोजन		२२२१२	९५०	९५०			
१२	मर्मत संभार		२२२२१	५५०	५५०			
१३	ईन्धन अन्य प्रयोजन		२२१४	४००	४००			
१४	कार्यालय संचालन		२२३१९	२०००	२०००			
१५	परामर्श खर्च		२२४११	५००	५००			
१६	करार सेवा शुल्क		२२४१३	५०००	५०००			
१७	अनुगमन मुल्याङ्कन		२२६११	८५०	८५०			
१८	भ्रमण खर्च		२२६१२	१३००	१३००			
१९	विविध खर्च		२२७११	१८५०	१८५०			
२०	घर भाडा		२८१४२	७५०	०	७५०		
२१	अन्य भाडा		२८१४९	८५०	८५०			
जम्मा				५१२८४	५०५३४	७५०		

५.३. आ.व. ०७५/०७६ को स्वीकृत पूँजीगत खर्च शीर्षक तथा विनियोजित बजेट

अ) आर्थिक विकास

क) कृषि विकास तथा पशु सेवा

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
१	IPM स्कूल संचालन		७५	०	७५		
२	अकबरेखुर्सानी प्रवर्द्धन		२५	०	२५		
३	अण्डाउत्पादनमा आधारीत लेअर्स कुखुरा फर्म अनुदान कार्यक्रम		२००	०	२००		
४	अनुगमन (पशु सेवा)		१५०	०	१५०		
५	आकस्मिक उपचार		१००	०	१००		
६	आकस्मीक बाली संरक्षण सेवा		११०	०	११०		
७	आलु TPS विउ वितरण		५०	०	५०		
८	एकदिने हाते ट्याक्टर संचालन तालिम		५०	०	५०		
९	कुखुरा चल्ला वितरण कार्यक्रम ५०% अनुदान		११०	०	११०		
१०	कृतिम गर्भाधान कार्यक्रम संचालनका लागि तालिम		५०	५०	०		
११	कम्प्युटर प्रिन्टर तथा फोटोकपी मेसिन खरिद (कृषि विकास)		२००	०	२००		

गाउँ विकास योजना आ.व. २०७५/०७६

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
१२	केरावीउ वितरण		१००	०	१००		
१३	कृषक अन्तक्रिया गोष्ठी		४०	४०	०		
१४	कृषक अवलोकन भ्रमण (कृषि विकास)		३००	३००	०		
१५	कृषक अवलोकन भ्रमण (पशु सेवा)		२००	२००	०		
१६	कृषि प्रोफाइल निर्माण		५०	०	५०		
१७	कृषि मेला प्रदर्शनी		५०	०	५०		
१८	कास्टिङ्गरोप खरिद		१०	१०	०		
१९	गाई, भैंसी गोठ सुधार कार्यक्रम (दुग्ध उत्पादनमा आधारीत)		७००	०	७००		
२०	गाउँपालिकास्तरीय लेयर्स तथा ब्रोइलर कुखुरा पालन ३ दिने तालिम		८०	८०	०		
२१	घाँस नर्सरी स्थापना		२००	०	२००		
२२	चुनढुवानी		५०	०	५०		
२३	च्याउ तथा मौरीपालन तालिम		१००	०	१००		
२४	च्याउवीउ वितरण		५०	०	५०		
२५	च्यापकटर (घाँस काट्ने मेसिन) दुग्ध उत्पादन तथा व्यावसायिक बाखा फर्मलाई ५०%अनुदानमा वितरण		९०	०	९०		
२६	टिमुरखेती		५०	०	५०		
२७	डालेघाँस वितरण		९०	०	९०		
२८	डिविङ्ग (लेयर्स कुखुराको ठुँड काट्ने) मेसिन खरिद		४०	०	४०		
२९	तरकारीखेती तालिम		१००	१००	१०		
३०	तरकारीविउ वितरण		१५०	०	१५०		
३१	धान दिवश		५०	०	५०		
३२	नमुना प्लास्टिक गाउँ स्थापना		१००	०	१००		
३३	पकेटक्षेत्र विस्तार		६००	०	६००		
३४	प्रचार प्रसार (पशु सेवा)		४०	०	४०		
३५	प्लास्टिक पोखरी निर्माण		४००	०	४००		
३६	प्लास्टिक सिट वितरण		५०	०	५०		
३७	पशु उपचार		१००	०	१००		
३८	पशुतथा घाँस ढुवानी खर्च, संचार, ईन्धन मर्मत		१००	०	१००		
३९	पशुपंक्षी खोप		१००	०	१००		
४०	पशुपंक्षी रोग निदान		१००	०	१००		
४१	पशु बन्ध्याकरण		१००	०	१००		
४२	पशु स्वास्थ्य शिविर (निःशुल्क)		३६०	०	३६०		
४३	बंडिर्जो खरिद		४०	०	४०		
४४	बनानाक्याफे स्थापना		६०	६०	०		
४५	बर्षे फलफूल विरुवा वितरण		५०	०	५०		
४६	बृहत् हलेदो तथा लसुन खेती		१००	१००	०		
४७	बहुबर्षियभुइ घाँस वितरण		८०	०	८०		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
४८	बाखाखोर सुधार कार्यक्रम		३६०	०	३६०		
४९	बाखापालन तालिम ३ दिने		८०	०	८०		
५०	बोयरबोका वितरण (प्रत्येक वडामा १/१ वटाका दरले)		१८०	१८०	०		
५१	भ्रमण खर्च		१५०	०	१५०		
५२	मकैछोडाउने मेसिन वितरण		९०	९०	०		
५३	म्याचिङ्ग फण्ड (कृषि विकास)		४००	०	४००		
५४	महोत्सव तथा पशुपंक्षी मेला/प्रदर्शनी, उत्कृष्ट कृषक पुरष्कार		६०	०	६०		
५५	माइक्रोस्कोप खरिद		५०	५०	०		
५६	मागमा आधारित कार्यक्रम (कृषि विकास)		५००	५००	०		
५७	माछापोखरी विस्तार		२००	०	२००		
५८	माटोपरिक्षण शिविर		१००	०	१००		
५९	मासु पसल सुधार कार्यक्रम		२२५	२२५	०		
६०	मासु पसल, डेरी, एग्रोभेट निरिक्षण, अनुगमन कार्यक्रम		४५	०	४५		
६१	मोटरसाइकल खरिद (पशु सेवा)		२६०	०	२६०		
६२	मौरीघार वितरण		२००	०	२००		
६३	मौरीपालन उपकरण वितरण		४०	०	४०		
६४	राँगोवितरण ३ वटा		९०	०	९०		
६५	लप्सीविरुवा वितरण		५०	०	५०		
६६	लोकलकुखुरा संरक्षण तथा नमूना खोर निर्माण कार्यक्रम		९०	०	९०		
६७	लोकल सुंगुर संरक्षण तथा खोर सुधार कार्यक्रम		१००	०	१००		
६८	व्यावसायिक बाखा फार्म शुदृढीकरण अनुदान		४००	०	४००		
६९	व्यावसायिकबंगुर फार्म शुदृढीकरण अनुदान		३००	०	३००		
७०	व्यावसायिक बाखा पालन तालिम २ दिने		६०	६०	०		
७१	विजवृद्धि धान, मकै, गहुँ		१००	०	१००		
७२	विपन्नमहिला दलित जनजाति लक्षित पशुपालन कार्यक्रम		३००	०	३००		
७३	विपन्न, दलित, जनजातिहरुलाई बंगुर पाठापाठी वितरण		१६०	०	१६०		
७४	विश्वरेविज दिवस कार्यक्रम		३५	३५	०		
७५	शहिदलखन कृषक पुरस्कार		१००	०	१००		
७६	स्टेशनरी तथा प्रचार प्रसार (कृषि विकास)		५०	०	५०		
७७	स्टाफ बैठक खर्च (कृषि विकास)		५०	०	५०		
७८	सरोकारवालाहरुलाई १ दिने गोष्ठी (पशुपालन)		४०	०	४०		
७९	सिजरफोरसेफ खरिद		५	५	०		
८०	हाटबजार संचालन सहयोग		१५०	०	१५०		
८१	हातें ट्याक्टर वितरण		९००	०	९००		
८२	हिउँदेघाँस वितरण		८०	०	८०		
८३	सानोदिप्लिङ्ग मौरीपालन	१, सानो दिप्लिङ्ग	५०	०	५०		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
८४	लुदीखोलातरकारी पम्पिङ्ग खरिद	१, लुदीखोला	१५०	०	१५०		
८५	पुरानोगाउँ मौरी पालन	१, पुरानो गाउँ	५०	०	५०		
८६	ठुलोदिप्लिङ्ग मौरीपालन	१, ठूलो दिप्लिङ्ग	५०	०	५०		
८७	खान्चोक अकबरे खुर्सानी	१, खान्चोक	१००	०	१००		
८८	करेसाबारी बीउविजन	१, बक्राङ्ग	१००	०	१००		
८९	कृषि विकासका लागि कृषकहरुलाई प्रोत्साहन कार्यक्रम	३	१००	१००	०		
९०	वडास्तरीय कृषि कार्यक्रम	४	२००	२००	०		
	कूल जम्मा		१२८००	२३८५	१०४१५		
ख) सहकारी							
१	हिमालय महिला बचत तथा ऋण सहकारी व्यवस्थापन	६,पिपल छाप	१००	०	१००		
	जम्मा		१००	०	१००		
ग) पर्यटन							
१	पर्यटन पूर्वाधार विकास तथा होमस्टे संचालन एवं प्रवर्द्धन		३००	३००	०		
२	चुलीडाँडा बेतेनी भ्युटावर निर्माण	२	३००	०	३००		
३	शिद्ध लखन थापा पार्क निर्माण	२	१००	०	१००		
४	ढुंगेधारा पिकनिक स्पोट निर्माण	३	१००	०	१००		
५	हिमालय मन्दिरं सिढी निर्माण तथा घेराबार	६	२००	०	२००		
६	प्रथम शहिद लखन थापा स्मारक स्थल पूर्वाधार विकास तथा मनकामना मन्दिर निर्माण	७	१५००	०	१५००		
	जम्मा		२५००	३००	२२००		

आ) सामाजिक विकास

रकम रु हजारमा

सि.नं.	कार्यक्रम / आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजित (रु)	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
क) स्वास्थ्य							
१	बर्थिङ्ग सेन्टर कर्मचारी तलब		५७६	०	५७६		
२	रात्रीसेवा भत्ता		२६०	०	२६०		
३	पुरस्कार वितरण (स्वास्थ्य सेवा)		३५	०	३५		
४	स्वास्थ्य संस्था व्यवस्थापन समिति अभिमुखिकरण		१००	१००	०		
५	स्वास्थ्य संस्थाको मासिक बैठक भत्ता		११५	०	११५		
६	औषधि, उपकरण, औजार र सामग्री खरिद		१३००	०	१३००		
७	स्वास्थ्य शिविर संचालन		६००	६००	०		
८	स्वास्थ्य संस्थाको अनुगमन		१५०	०	१५०		
९	मोवाईल हेल्थ कार्यक्रम		८०	०	८०		
१०	स्वयंसेविका प्रोत्साहन तथा जिवन बिमा		६४८	०	६४८		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
११	स्वास्थ्य संस्थाको कार्यालय संचालन खर्च		१८०	०	१८०		
१२	खोपकार्यक्रम		११५.६	०	११५.६		
१३	महामारी तथा विपद् व्यवस्थापन		१००	०	१००		
१४	सेटलाइट क्लिनिक संचालन		२३०.४	०	२३०.४		
१५	सुत्केरी पोषण भत्ता		५००	०	५००		
१६	बाह्यखोप केन्द्र निर्माण		३००	०	३००		
१७	कम्प्युटर प्रिन्टर खरिद (स्वास्थ्य सेवा)		४००	०	४००		
१८	मोटरसाइकल खरिद (स्वस्थ्य सेवा)		२५०	०	२५०		
१९	वाषिक समिक्षा		६०	०	६०		
२०	धैरुङ्ग स्वास्थ्य चौकी सामाग्री खरिद	६	१००	०	१००		
	जम्मा		६१००	७००	५४००		
ख) खानेपानी तथा सरसफाई							
१	खानेपानी योजना निर्माण तथा मर्मत संभार योजना		१०००		१०००		
२	खानेपानी योजना वडा नं. (१)	१	२००		२००		
३	आरुवोट खानेपानी ट्याङ्की निर्माण	२	१५०	०	१५०		
४	आहाले खानेपानी मुहान मर्मत	२	५०		५०		
५	ढ्याङ्गटोल खा.पा. ईन्ट्याङ्ग तथा पाईप खरिद	२	१५०		१५०		
६	डाँडा गाउँ खा.पा. मर्मत योजना	२	१५०		१५०		
७	फिनाउदी खा.पा. ट्याङ्ग मर्मत	२	१००		१००		
८	बक्रेश्वरी वस्तीमा खा.पा. ट्याङ्की निर्माण	२	१५०		१५०		
९	भातिचउर खा.पा. योजना	२	१५०		१५०		
१०	सौराहजयन्ते खोलामा ट्याङ्की निर्माण	२	५०		५०		
११	मनकामना खा.पा. मर्मत	२,३	४००		४००		
१२	मनकामना मा. वि. खा.पा. ट्याङ्की निर्माण	२,३	४००		४००		
१३	गैरीगाउँ खानेपानी धारा निर्माण	३	१००		१००		
१४	चुमी धारा खानेपानी ट्याङ्की निर्माण	३	१००		१००		
१५	बर्रावोटे खा.पा. ट्याङ्की निर्माण	३	१००		१००		
१६	माथिल्लो ग्याँझा कुवा संरक्षण तथा निर्माण	३	१००		१००		
१७	लामाछाप खा.पा. ट्याङ्की निर्माण	३	२००		२००		
१८	वडश्वारा खा.पा. ट्याङ्की निर्माण	३	१००		१००		
१९	सिम्ले धुर्लेश्वारा खा.पा. ट्याङ्की	३	२००		२००		
२०	बैदार गाउँ लिफ्टिङ्ग खा.पा. मुहान संरक्षण	४	१००		१००		
२१	धारोखोला खा.पा. निर्माण	५	२५०		२५०		
२२	ढापखोला खा.पा. निर्माण	५	२००		२००		
२३	दमै भदुवारकुवा खा.पा. निर्माण	५	२००		२००		
२४	कोटथोक खानेपानी मर्मत	६	१००		१००		
२५	तल्लो ज्यामिरश्वारा ट्याङ्की धारा निर्माण	६	१००		१००		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
२६	तल्लो माथिल्लो भाडबारी वाटर पम्पिङ्ग मेसिन खरिद	६	१००		१००		
२७	छापथोक लिफ्टिङ्ग खा.पा. योजना	८	४५०		४५०		
	जम्मा		५२६०	०	५२६०		
ग) शिक्षा विकास							
१	अभिभावक शिक्षा आधारभूत तह		३७०	०	३७०	०	
२	अभिभावक शिक्षा मा.वि. तह		११०	०	११०		
३	लेखापरिक्षण आधारभूत तह		१८५	०	१८५		
४	लेखापरिक्षण मा.वि. तह		११०	०	११०		
५	विद्यालयसुधार योजना आधारभूत तह		१११	१११	०		
६	विद्यालयसुधार योजना मा.वि.तह		३३	३३	०		
७	सामाजिकपरिक्षण आधारभूत तह		१११	१११	०		
८	सामाजिकपरिक्षण मा.वि. तह		३३	०	३३		
९	अंग्रेजी भाषा बिषय तालिम संचालन		१००	०	१००		
१०	विद्यालय अतिष्रक्त कार्यक्रम		१५०	१५०	०		
११	अभिमुखिकरण कार्यक्रम		१००	१००	०		
१२	ई.सि.डि.कक्षाकोठा व्यवस्थापन(सामाग्री खरीद)		४४०	०	४४०		
१३	ई.सि.डि.कक्षाकोठा व्यवस्थापन(कार्पेट,म्याट खरीद)		१६०	०	१६०		
१४	इ.सि.डि.सहजकर्ता भत्ता		१५८४	०	१५८४		
१५	कक्षा ८ परिक्षा संचालन		२५०	०	२५०		
१६	क्लस्टर बैठक स्रोत केन्द्र		१४०	०	१४०		
१७	खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम		६००	६००	०		
१८	गाउँपालिकाभित्र कक्षा ८ मा उत्कृष्ट सिकाइ उपलब्धि हासिल गरेका विद्यालयलाई प्रोत्साहन		३०	०	३०		
१९	गाउँपालिकाभित्र कक्षा ८ मा कमजोर सिकाइ भएका विद्यालयलाई सिकाइ सुधार कार्यक्रम		१०	१०			
२०	गाउँपालिकाभित्रका विद्यालयहरुका लागि तेक्वान्दो/कराते प्रशिक्षकको तलब भत्ता व्यवस्थापन		१५६	०	१५६		
२१	गाउँपालिका भित्रका विद्यालयका लागि भलिवल प्रशिक्षक तलब भत्ता व्यवस्थापन		१५६	०	१५६		
२२	दरबन्दी अपुग भएका विद्यालयहरुका लागि अनुदान		२०००	०	२०००		
२३	दिवाखाजा कार्यक्रम (चेप्राङ्ग बालबालिकाको लागि)		६१६.५	०	६१६.५		
२४	नमुना विद्यालय अवलोकन भ्रमण		२४८	२४८	०		
२५	नमुना विद्यालय विकास कार्यक्रम (प्रा.वि. तर्फ)		५०	०	५०		
२६	नमुना विद्यालय विकास कार्यक्रम (मा.वि. तर्फ)		१००	०	१००		
२७	निरन्तर विद्यार्थी मूल्याङ्कन तालिम		२५०	०	२५०		
२८	प्राविधिक विद्यालयका लागि सम्भाव्यता अध्ययन		२००	२००	०		
२९	बैठक (शिक्षा विकास)		१००	०	१००		
३०	बालमैत्री विद्यालय अभिमुखिकरण तालिम		५६	०	५६		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
३१	भर्ना तथा विद्यालय स्वागत कार्यक्रम		५०	०	५०		
३२	अनुगमन तथा अन्य (शिक्षा विकास)		२७०.५	०	२७०.५		
३३	विद्यालय व्यवस्थापन समिति र प्र.अ. संग अन्तरक्रिया		१००	०	१००		
३४	विद्यालयमा बायोमेट्रिक हाजिरी प्रणाली संचालन		४२०	०	४२०		
३५	विद्यालयमा सूचना प्रबिधिको प्रयोग सम्वन्धी तालिम		२००	०	२००		
३६	शैक्षिक क्यालेण्डर निर्माण		२००	०	२००		
३७	शैक्षिक दिवश मनाउन		५०	०	५०		
३८	शिक्षककालागि शैक्षिक सामग्री विकास तालिम		१००	०	१००		
३९	सामुदायिक विद्यालयमा सूचना प्रबिधिको प्रयं एवं ई.लिङ्ग व्यवस्थापन (साझेदारी)		१५०	०	१५०		
४०	प्रतिभापहिचान तथा शैक्षिक प्रदर्शनी		२००	२००	०		
४१	पुस्तकालयस्थापना तथा विकास (साझेदारी)		२००	०	२००		
४२	लेखा व्यवस्थापन तालिम		१००	०	१००		
४३	सिलिङ्गटार प्रा.वि. फर्निचर खरिद	३	१००	०	१००		
४४	गण्डकीप्रा.वि. फर्निचर खरिद	४	५०	०	५०		
४५	प्रगतिप्रा. वि. फर्निचर खरिद	४	५०	०	५०		
४६	महारुद्र आधारभूत विद्यालय फर्निचर खरिद	४	१००	०	१००		
४७	राइनास प्रा.वि. व्यवस्थापन	४	१००	०	१००		
४८	शहिद सन्देश प्रा.वि. फर्निचर खरिद	४	५०	०	५०		
४९	सिञ्जाली मा.वि. फर्निचर खरिद	४,५	२००	०	२००		
५०	जलदेवी मा. वि. फर्निचर खरिद	५	१००	०	१००		
५१	शिद्धस्थानी मा. वि. फर्निचर खरिद	५	१००	०	१००		
५२	सामुदायिकविद्यालयमा ई.सि.डि. कक्षा व्यवस्थापन तथा खाजा (कक्षा १ र २ समेत वडा नं. ७ का सम्पूर्ण विद्यालयमा)	७	२००	०	२००		
५३	सामुदायिक विद्यालयमा शैक्षिक सामग्री वितरण (वडा नं. ७ का दलित, गरिब, असहाय र जेहेन्दार विद्यार्थी इकाई)	७	५०	०	५०		
५४	चण्डिका नि. मा. वि. शिक्षक अफिस कोठा फर्निचर खरिद	७	१५०	०	१५०		
५५	खेलकुद सामग्री वितरण (वडा नं.७ का दर्ता क्लब एवं सामुदायिक विद्यालयमा)	७	१००	०	१००		
५७	ई.सि.डि.कक्षा संचालन भएका सामुदायिक विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन कार्यक्रम	८	२००	०	२००		
	कूल जम्मा		१२१५०	११५०	९५७४		
घ) संस्कृति प्रवर्द्धन							
१	गीत संगित कला संस्कृती प्रवर्द्धन कार्यक्रम		३००	३००	०		
२	धार्मिक साहित्य तथा कला संरक्षण	१	३००	३००	०		
३	थानीमाई मन्दिर निर्माण	२	१००	०	१००		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
४	देवी मन्दिर निर्माण	२	५०	०	५०		
५	मनकामना बजार क्षेत्रमा सिढी निर्माण तथा ढुंगा विछ्याउने योजना	२,३	१०००	०	१०००		
६	केवरपानीदेवी मन्दिर निर्माण	३	२००	०	२००		
७	नाम्जुङ्ग देवी मन्दिर निर्माण	३	१००	०	१००		
८	चाप्पानी मन्दिर मर्मत	५	५०	०	५०		
९	पोखरीडाडाँखनाल महिला समूह भजन कृतन बाजा सामग्री	७	५०	०	५०		
१०	थानीथान मन्दिर पुनः निर्माण	७	२००	०	२००		
११	प्रथम शहिद लखन थापा मगर स्मृति दिवस कार्यक्रम (फाल्गुन २ गते)	७	२००	०	२००		
१२	बाहबिसे चापटारी चौतारामा रहेको शिवालय मन्दिर पुनः निर्माण	७	१००	०	१००		
१३	सन्तानेश्वर महादेव निर्माण बुंकोट	८	१०००	०	१०००		
१४	हटिया गणेश मन्दिर संरक्षण योजना	८	३००	०	३००		
१५	कालिका मन्दिर निर्माण	९	१५०	०	१५०		
१६	बर्चुली मन्दिर निर्माण	९	१००	०	१००		
१७	राधा कृष्ण मन्दिर निर्माण	९	१००	०	१००		
	कूल जम्मा		४२००	६००	३७००		
ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण							
१	महिला विकास		१५००	१५००	०		
२	अल्पसंख्यक समुदाय उत्थान कार्यक्रम		२०७.७३७		२०७.७३७		
३	आदिवासी जनजाति उत्थान कार्यक्रम		३००		३००		
४	जेष्ठ नागरिक		१००		१००		
५	दलित उत्थान कार्यक्रम		४००		४००		
६	मनोसामाजिक कार्यक्रम		१००		१००		
७	द्वन्द्व प्रभावित परिवारलाई अनुदान तथा आयआर्जन कार्यक्रम		५००		५००		
८	बालबालिकाहित कार्यक्रम		१००		१००		
९	अपाङ्ग,सहायता सामग्री वितरण तथा अनुदान कार्यक्रम		१५०		१५०		
१०	लैङ्गिक समानता तथा क्षमता विकास	१	२००		२००		
११	सामुदायिक नमुना वस्ती बिकास कार्यक्रम (गुरु योजना तयारी)	२	१५०		१५०		
१२	महिला सिप तथा क्षमता अभिबृद्धि कार्यक्रम	३	१५०		१५०		
१३	बालमैत्री स्थानीय शासन प्रवर्द्धनात्मक कार्यक्रम	३	५०		५०		
१४	आदिवासी जनजाति एवं अल्पसंख्यक समुदाय विशेष कार्यक्रम	४	२००		२००		
१५	दलित उत्थान कार्यक्रम (वडा नं. ४)	४	१००		१००		
१६	दलित उत्थान कार्यक्रम (वडा नं. ५)	५	५०		५०		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
१७	महिला, बालवालिका, जेष्ठ नागरिक तथा अपाङ्ग हित कार्यक्रम	५	१००		१००		
१८	महिला हित कार्यक्रम	६	८०	८०	०		
१९	दलित, अपाङ्ग, एकल महिला, जेष्ठ नागरिक र जनजातिहरुलाई आयमूलक कार्यक्रम	७	१५०	१५०	०		
२०	सुभेक्षा बहुद्देश्य कृषि समुह मार्फत वडा नं. ७ का महिलाहरुलाई साबुन निर्माण तालिम	७	१५०		१५०		
२१	क्षमता विकास तथा सशक्तिकरण, सचेतना कार्यक्रम	९	१००		१००		
जम्मा			२१२.७६७		२१०.७३७		
च) विविध							
१	प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्कार अक्षयकोष स्थापना		५००	५००	०		
२	माईमनकामना पुरस्कार अक्षय कोष स्थापना		५००	५००	०		
३	विपन्न भुकम्प पीडित सहयोग घुम्ती कोष (प्रत्येक वडामा १ लाखको दरले)		९००	९००	०		
४	विभिन्नसंघ संस्था समुह सहयोग अनुदान		४५०	४५०	०		
५	संघसंस्था तथा व्यक्तिगत सहयोग अनुदान एवं भैपरी आउने कोष		७००	७००	०		
६	गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण		१५००	०	१५००		
७	समपुरक कोष		७७००	७७००	०		
८	फर्निचर खरिद (वडा नं. १)	१	१००	०	१००		
९	युवा तथा बालबालिका कार्यक्रम	१	३००	०	३००		
१०	खेलकुद तथा सास्कृतिक कार्यक्रम	३	१००	०	१००		
११	चण्डेश्वरी खेलकुद मैदान सिलिङ्ग कोटगाउँ	३	२००	०	२००		
१२	नन्दलाल सामाजिक संस्था फर्निचर खरिद	४	५०	०	५०		
१३	लाङ्गालीयुवा क्लब खेलमैदान तारजाली	४	५०	०	५०		
१४	समपुरक कोष (वडा नं. ४)	४	८००	८००	०		
१५	जलदेवी युवा क्लब खेल मैदान निर्माण	५	२००	०	२००		
१६	भञ्ज्याङ्गी युवा क्लव खेल मैदान निर्माण	५	२००	०	२००		
१७	भैसेपोल युवा क्लब खेलमैदान निर्माण	५	१५०	०	१५०		
१८	युवालक्षित कार्यक्रम	५	५०	०	५०		
१९	सोरठीयुवा क्लब खेल मैदान निर्माण	५	१००	०	१००		
२०	समपुरक कोष तथा साझेदारी कार्यक्रम (वडा नं. ५)	५	४००,	४००	०		
२१	अन्नपूर्ण युवा क्लब फर्निचर खरिद	६	७०	०	७०		
२२	नयदेउराली युवा क्लब खेलमैदान निर्माण	६	३००	०	३००		
२३	पञ्चकन्या युवा क्लव खेल मैदान निर्माण	६	२००	०	२००		
२४	मण्डली तथा नवजीवन युवा क्लब खेल मैदान निर्माण	६	३००	०	३००		
२५	वडास्तरिय युवा तथा खेलकुद कार्यक्रम	६	१००	०	१००		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
२६	खाष्दीगाउँ आमा समूह फर्निचर खरिद	७	५०	०	५०		
२७	तिनखण्डेदेवीस्थान आमा समूह फर्निचर खरिद	७	५०	०	५०		
२८	पिपलडाडाँ सल्लाघारी खेलकुद मैदान स्तरउन्नती	७	५०	०	५०		
२९	युवाड्राईभिङ्ग तालिम (वडा नं. ७ का १५ जना युवालाई)	७	२००	०	२००		
३०	समपुरक कोष (वडा नं. ८)	८	१५०	१५०	०		
३१	टोलसुधार कार्यक्रम	८	१००	०	१००		
३२	बिखपोखरी खेलकुद मैदान निर्माण	८	२००	०	२००		
३३	युवा स्वरोजगारको लागि वडा नं. ८ भित्रका १५ जनालाई ड्राईभिङ तालिम	८	२००	०	२००		
३४	पोखरीगाउँ खेलमैदान निर्माण	९	२००	०	२००		
	कूल जम्मा		१७१२०	१२१००	५०२०		

इ) पूर्वाधार विकास

क) उर्जा							
१	गाउँपालिका क्षेत्र भरी विद्युतिकरण योजना		१०००	१०००			
२	विद्युतसंचार पूर्वाधार निर्माण	१	३००		३००		
३	मनकामनाबजार क्षेत्रमा सोलार बत्ति जडान	२,३	१०००		१०००		
४	राईनाँस बजार ट्रान्सफर्मर व्यवस्थापन	४	५०		५०		
५	विद्युत फ्लामे पोल ढुवानी	८	५०		५०		
	कुलजम्मा		२४००	१०००	१४००		
ख) भवन तथा शहरी विकास							
१	ईन्द्र प्रा.वि.	१	५५	०	५५		
२	कुशुन्डे महिला समुह भवन निर्माण	१	१५०	०	१५०		
३	खान्चोक युवा क्लब भवन निर्माण	१	५०	०	५०		
४	जफ्रतखहरे महिला भवन	१	२००	०	२००		
५	ठूलोदिप्लिङ्ग महिला समुह भवन निर्माण	१	२००	०	२००		
६	थानी आधारभूत विद्यालय	१	१२०	०	१२०		
७	भोगटेनी सामुद्रायिक महिला समुह भवन	१	१५०	०	१५०		
८	महेन्द्र शक्ति मा.वि. बकाङ्ग	१	१४०	०	१४०		
९	लक्ष्मी प्रा.वि.	१, बकाङ्ग	५५	५५	०		
१०	बक्रेश्वर मा. वि.	१	१३०	०	१३०		
११	बडा कार्यालय तथा स्वास्थ्य चौकी घेरावार	१	३५०	०	३५०		
१२	शिर्जना युवा क्लब भवन निर्माण	१	२००	०	२००		
१३	सानो दिप्लिङ्ग महिला समुह भवन निर्माण	१	२००	०	२००		
१४	कार्यालय भवन मर्मत (वडा नं. २)	२	१००	०	१००		
१५	खाल्टेपानी महिला सामुदायिक भवन निर्माण	२	२००	०	२००		
१६	डाँडागाउँ महिला सामुदायिक भवन निर्माण	२	१००	०	१००		
१७	ढाँडबारी क्रियापुत्री भवन निर्माण	२	५०	०	५०		
१८	बेतेनी महिला भवन निर्माण	२	१००	०	१००		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
१९	रैकर बेशी महिला सामुदायिक भवन निर्माण	२	२५०	०	२५०		
२०	वडा नं. २ कार्यालय भवन निर्माण	२, मनकामना	२०००	०	२०००		
२१	करन्टार तमु सेवा समाज भवन निर्माण	३	१५०	०	१५०		
२२	कालिका आमा समूह भवन छानो निर्माण निभारे	३	२५०	०	२५०		
२३	ज्याप्राङ्ग दलित सामुदायिक भवन निर्माण	३	१५०	०	१५०		
२४	भ्क्यापीडाँडा सामुदायिक भवन निर्माण	३	१५०	०	१५०		
२५	दार्सिङ्ग कुसुमपानी सामुदायिक भवन निर्माण	३	३००	०	३००		
२६	नयाँवस्ती सामुदायिक भवन निर्माण	३	२५०	०	२५०		
२७	मनकामना स्वास्थ्य चौकी भवन	३	१००	०	१००		
२८	मनकामना स्वास्थ्य चौकी भवन मर्मत	२	१०००	०	१०००		
२९	महिला सामुदायिक भवन निर्माण माथिल्लो कामिगाउँ	३	२००	०	२००		
३०	वडा नं. ३ कार्यालय भवन निर्माण	३, मनकामन	२०००	०	२०००		
३१	सामुदायिक भवन निर्माण माझगाउँ बनौती	३	२००	०	२००		
३२	जनसुधार महिला समूह भवन निर्माण	४	३००	०	३००		
३३	जलदेवी आमा समूह माथिल्लो ठेउवाटार भवन निर्माण	४	३००	०	३००		
३४	महारुद्र महिला समूह शौचालय र धारा निर्माण	४	१५०	०	१५०		
३५	वडा नं. ४ कार्यालय भवन निर्माण	४, ताक्लुङ्ग	३०००	०	३०००		
३६	चण्डेश्वरी महिला समुह भवन निर्माण	५	४००	०	४००		
३७	थानीमाई महिला समूह भवन निर्माण	५	३००	०	३००		
३८	देउराली यूवा क्लब भवन निर्माण	५	४००	०	४००		
३९	धारापानी क्लब भवन निर्माण	५	३००	०	३००		
४०	वडा नं. ५कार्यालय भवन तारबार	५	१००	०	१००		
४१	खगी युथ क्लब ट्रस्ट भवन निर्माण	६	२००	०	२००		
४२	जिल्ला आयुर्वेद भवन मर्मत घैरुङ्ग	६	५००	०	५००		
४३	तीनघरे गाउँघर क्लिनिक भवन निर्माण	६	२००	०	२००		
४४	देवी महिला समूह सामुदायिक भवन निर्माण	६	३००	०	३००		
४५	फिरफिरे महिला समूह भवन निर्माण	६	१००	०	१००		
४६	बतासे सामुदायिक भवन निर्माण	६	२००	०	२००		
४७	भाडबारी सामुदायिक भवन निर्माण	६	३००	०	३००		
४८	वडा नं. ६ कार्यालय भवन निर्माण	६, घैरुङ्ग	३०००	०	३०००		
४९	अधेरी गाउँ सामुदायिक महिला अधुरो भवन निर्माण	७	३००	०	३००		
५०	डाडाँगाउँ बहुउद्देश्य सामुदायिक महिला भवन	७	३००	०	३००		
५१	थानीदेवी महिला समुह अधुरो भवन निर्माण बन्केस्वारा	७	३००	०	३००		
५२	माछिकछाप प्रगतिशिल आमा समुह भवन निर्माण	७	३००	०	३००		
५३	रेडक्रस बुंकोट उपशाखा अधुरो भवन निर्माण	७	४००	०	४००		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
५४	गैरीगाउँ दलित बस्ति सामुदायिक भवन मर्मत	८	३००	०	३००		
५५	घर्ति गाउँ सामुदायिक अधुरो भवन निर्माण	८	३००	०	३००		
५६	रम्तेल गाउँदलित वस्ति सामुदायिक भवन मर्मत	८	१००	०	१००		
५७	ठुलोपिपल वाचनालय निर्माण	९	१००	०	१००		
५८	बर्चुला महिला सहकारी भवन निर्माण	९	६००	०	६००		
५९	वडा कार्यालय शौचालय तथा ट्रष्ट निर्माण	९	३००	०	३००		
	कूल जम्मा		२२९००	५५	२२८४५		
ग)	सडक तथा पुल (झोलुङ्गे पुल समेत)						
१	मुख्यसडक हरुको DPRतथाDetaling गर्ने कार्य		१०,००	१०,००			
२	१० किलो लुदीखोला वडा कार्यालय वक्राङ्ग सडक	१	५,००		५,००		
३	अँबुवा, बक्राङ्ग, गाल्थोक, तिउरी भञ्ज्याङ्ग सडक	१, २	५,००		५,००		
४	कात्तिकेडाडाँ नेप्कान हुदै खान्चोक मोटरबाटो	१	५,००			५,००	
५	गुर्दुम बक्राङ्ग सडक स्तरोन्नती योजना	१	४०,००		४०,००		
६	तल्लोपोखरी बेल डाँडा मोटरबाटो	१	१,००			१,००	
७	तल्लोपोखरी शहिद मार्ग खान्चोक मोटरबाटो	१	१,००			१,००	
८	वक्राङ्गवेशी सडक स्तरोन्नती	१	१,००			१,००	
९	महेन्द्रशक्तिदेखि सानो दिप्लिङ्गसम्म सडक	१	१,००			१,००	
१०	लक्ष्मीबजार साठी मूरे सिउरेनी सडक	१	५,००		५,००		
११	विन्दावासिनी घोन्द्रेगाउँ मोटरबाटो	१	५,००			५,००	
१२	विरिन्चोक लुदीखोला वडा कार्यालय महेन्द्रशक्ति सडक	१	५,००		५,००		
१३	स्याउली वक्राङ्ग तिउरीभञ्ज्याङ्ग सडक	१,२	१५,००		१५,००		
१४	सल्लेरी ढुसुरे मोटरबाटो स्तरउन्नती	१	१,००			१,००	
१५	साधखोलाबक्रेश्वरी मोटरबाटो	१	१,००			१,००	
१६	सिउरेनीमार्के मोटरबाटो	१	१,००			१,००	
१७	आँपस्वाँरा मोटरबाटो	२	१,००			१,००	
१८	आमडाँडा मोटरबाटो	२	५०			५०	
१९	आरुबोटडाँडा गाउँ मोटरबाटो स्तरउन्नती	२	५०			५०	
२०	[illegible]ल्लुङ्गढाँड हुदै रामिडाँडा जोस्ने मोटरबाटो	२	२००			२,००	
२१	केबलकार बेतेनी सडक कल्भर्ट निर्माण	२	१,००			१,००	
२२	कामीगाउँदेखि हेल्थपोष्ट पैदलबाटो निर्माण	२	५०		५०		
२३	खाल्टेपानी मोटरबाटो	२	१,५०			१,५०	
२४	गैह्राबारी देखि डहरमुनी बसपार्क सम्म पैदलबाटो निर्माण	२	१,००		१,००		
२५	गिदेलगाउँदेखि जर्घा गाउँ सम्म मोटरबाटो	२	५०			५०	
२६	च्यार्पा मोटरबाटो	२	१,००			१,००	
२७	डाडाँगाउँविद्यालय फिनाउदी हुदैं उम्लुङ्ग मोटरबाटो निर्माण	२	५०			५०	
२८	ढाँडबारी माझटोल देखि मुलबाटो पैदल मार्ग निर्माण	२	१,००		१,००		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
२९	चुरोटेचौतारा आरुबोट मोटर स्तरोन्नती	२	५०			५०	
३०	तिउरेभञ्ज्याङ्ग सिद्ध लखन गुफा मोटरबाटो	२	२,००			२,००	
३१	तिउरीभञ्ज्याङ्ग-मनकामना केबलकार सडक	२,३	१५,००		१५,००		
३२	तिनघरेदेखि प्रथम शहिद लखन थापा पार्क जाने बाटो निर्माण	२	५०		५०		
३३	तिनमाने जुम्लिचौतारा तिउरी भञ्ज्याङ्ग सडक	२,४,५	२५,००		२५,००		
३४	धारापानी दलित मोटरबाटो	२	५०			५०	
३५	नयाँ धारा बेतेनी खाल्टेपानी सडक	२	५०			५०	
३६	पुजारीगाउँ ढुङ्गा बिच्छ्याउने योजना (केवलकार गेट देखि कोटगाउँ जाने चोक सम्म)	२	१,००		१,००		
३७	प्रथमशहिद लखन थापा पार्क जाने मोटरबाटो	२	२,००			२,००	
३८	बतासे देखि सिम्ले टोल जोड्ने मोटरबाटो	२	५०			५०	
३९	बसपार्कदेखि हटिया गाउँ सम्म जाने मोटरबाटो निर्माण	२	१,५०			१,५०	
४०	रामशाहघाट ढाँडबारी मनकामना तिउरी भञ्ज्याङ्ग सडक स्तरोन्नती योजना	२,३	१,००,००		१,००,००		
४१	वडास्तरीय मोटरबाटो सरसफाई योजना (वडा नं.२)	२	२,००			२,००	
४२	करन्टारदेखि भुवानीटार मोटरबाटो स्तरवृद्धि	३	१,००			१,००	
४३	कल्लेरी आरुबोट फिनाउदी उम्लुङ समिडाडाँ सडक	३	१०,००		१०,००		
४४	कान्टारदेखि झोलुङ्गे पुल सम्म गोरेटोबाटो निर्माण	३	१,००		१,००		
४५	च्यानडाँडा पाउसेल चौतारा मोटरबाटो स्तरवृद्धि	३	२,५०			२,५०	
४६	ढालीपिपल मोटरबाटो	३	१,००			१,००	
४७	तल्लोग्याँभाबाटो तथा सिँडी निर्माण	३	१,५०		१,५०		
४८	त्रीवेणी सिलिङ्ग ग्याँभा हुदै मनकामना सडक	३	३०,००		३०,००		
४९	दोभान कल्लेरी मोटरबाटो स्तस्वृद्धि	३	२,५०			२,५०	
५०	पुरानोसिलिङ्ग मोटरबाटो	३	१,००			१,००	
५१	बसपार्कनिर्माण मनकामना हटिया	३	२,००			२,००	
५२	मनकामना सिलिङ्गटार सडक	३	१०,००		१०,००		
५३	वडानं. ३ ग्रामिण सडक सरसफाई	३	४,००			४,००	
५४	सानोपिपलमोटरबाटो	३	१,००			१,००	
५५	आगेटारी चालिसे झिमडी हुदै भकारी ढुंगा जोड्ने सडक	४	५००		५,००		
५६	चन्दनी शहिदचोक राइनास हुदै बुट्टार जोड्ने सडक	४	१०,००			१०,००	
५७	जुम्लीचौतारा ठेउवाटार सडक	४	१५,००		१५,००		
५८	ठेउवाटारझोलुङ्गे पुल मर्मत	४	५०		५०		
५९	पुलामीगाउँबाट पोखरी डाडाँ खेलकुद मैदान जोड्ने सडक	४	१,५०			१,५०	
६०	बतासे ज्यामिस्वाँरा राइनास सडक	४,६	१०,००		१०,००		
६१	राईनास बजार झोलुङ्गे पुल मर्मत	४	५०		५०		
६२	रातामाटे ढाडेगाउँ तेर्से जोड्ने मोटरबाटो	४	५,००			५,००	
६३	वरडाडाँतेर्से खाल्टेपानी सडक	४	१५,००		१५,००		

गाउँ विकास योजना आ.व. २०७५/०७६

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
६४	आर्लाङ्गदी भैसेपोल पोखरिडाडाँ तोरेन सडक	५	१२,००			१२,००	
६५	एक्लेबर ज्ञानिश्वारा टुनीखोला सडक निर्माण	५	३,००		३,००		
६६	जुम्लीचौतारा भैसेपोल गोरेटोबाटो	५	१,००		१,००		
६७	डाडाँगाउँढाडेखोला सडक स्तर उन्नती	५	१,५०			१,५०	
६८	तिनमाने काहुले गुर्दुम सडक स्तरउन्नती	५	२,५०			२,५०	
६९	तिनमाने देखि अधेरी जोड्ने गोरेटो बाटो	५	१,००		१,००		
७०	तोरेन गोरेटो बाटो (मुख्य सडकबाट माथि चौतारा सम्म)	५	१,००		१,००		
७१	देउरालीछाप भैसेपोल सडक स्तरउन्नती	५	१,५०			१,५०	
७२	भालेमारेदेखि चाप्पानी सडक मर्मत	५	१,००			१,००	
७३	माझगाउँदेखि पैरेडी सडक	५	१,००			१,००	
७४	मास्किछाप नाकेपहरा सडक स्तरोन्नती	५	२,००			२,००	
७५	खगीदलित वस्ती देखि शाखा बाटो सम्म सिढि बाटो निर्माण	६	३०		३०		
७६	खगीदार्चे हुदै बतासे सडक	६	७,००		७,००		
७७	घैरुङ्ग लिफ्टिङ्ग खानेपानी सडक मर्मत	६	३,००			३,००	
७८	चुलिभीर ढाँपस्वारा टावर सडक निर्माण	६	२,००			२,००	
७९	चिसोपानीतिनघरे ओह्याक देउराली सडक योजना	६,७	२०,००		२०,००		
८०	चिसोपानी हुदै सालिमडाँडा सडक मर्मत	६	१,००		१,००		
८१	ज्यामिस्वाँराडिही गाउँ शाखा मोटरबाटो मर्मत	६	१,००		१,००		
८२	दार्चेशाखा मोटरबाटो मर्मत	६	१,५०		१,५०		
८३	पिपलछाप फिरफिरे बालेश्वरी सडक निर्माण	६	२,००			२,००	
८४	बतासेआहाल देखि दलित वस्ति शाखा मोटरबाटो	६	३,००			३,००	
८५	बतासेपुरानो बजार सडक स्तरोन्नती	६	१,००		१,००		
८६	भालेढुंगा, अधेरी, घलेडाँडा खेलमैदान सडक स्तरोन्नती	६	३,००			३,००	
८७	राना गाउँरिप हुदैं भ्याकुरे खोला सिमडाँडा सडक	६	२,००			२,००	
८८	राना गाउँ शाखा मोटरबाटो	६	३,००			३,००	
८९	सडक सरसफाई (वडा नं. ६)	६	२,००	२,००			
९०	हटिया कोटथोक सालिमडाँडा तीनमाने सडक मर्मत	६	२,५०		२,५०		
९१	ओह्याक सल्लाघारी थानीथान चारघरे मास्कीछाप हुदै गैरी चौतारा मोटरबाटो स्तरोन्नती	७	३,००	३,००			
९२	काहुलेकुटमेरे सम्म सडक	७	३,००	३,००			
९३	खाव्दीभञ्ज्याङ्ग आरुस्वाँरा रानाखोला बाह्रबिसे सडक	७	१५,००		१५,००		
९४	खाव्दीभञ्ज्याङ्ग भण्डारी गाउँ अधेरीगाउँ सडक स्तरोन्नती	७	२,००	२,००			
९५	खाव्दीभञ्ज्याङ्ग कटुसेपानी गरञ्जागाउँ मोटरबाटो स्तरोन्नती	७	१,००	१,००			
९६	गैरीचौतारा पेटी निर्माण	७	१,००		१,००		
९७	चौकीडाँडादेखि पोखरीडाँडा गाउँ छिर्ने मोटरबाटो निर्माण	७	१,००	१,००			

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु.	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
९८	डुम्रीगैरानिम्जुङ्ग मोटरबाटो स्तरोन्नती	७	१,५०	१,५०			
९९	ढुंगागाडेकोटगाउँ मोटरबाटो स्तरउन्नती	७	२,००	२,००			
१००	ढुंगागाडे बाहविसे बेलठाँटी सडक	७,८	१०,००		१०,००		
१०१	तेर्से गाउँ गोरेटो बाटो निर्माण	७	१,००		१,००		
१०२	देउरालीदेखि चण्डिका मन्दिर जाने सिढि निर्माण	७	१,५०		१,५०		
१०३	पोखरीडाँडा काउले भंगार रामभञ्याङ्ग फुजेलखोला सडक	७,९	२५,००		२५,००		
१०४	बन्केस्वारा माझगाउँ जाने मोटरबाटो	७	१,००	१,००			
१०५	बनकाली गराञ्जागाउँ सुसारेगाउँ सडक स्तरोन्नती	७	२,५०	२,५०			
१०६	मुलसडक देखि बोर्लाङ्गी गाउँ जाने मोटरबाटो स्तरोन्नती	७	१,००	१,००			
१०७	बल्लोभंगारतल्लो रोड देखि देउराली सम्म सिढि बाटो निर्माण	७	१,५०		१,५०		
१०८	खाब्दिभञ्याङ्ग चापाबोट कुमालटारी कृषि सडक सुधार विस्तार योजना	८	३,००	३,००			
१०९	गैरीचौतारा- मैलुङ्ग बुंकोटघाट सडक योजना	८	३३,००	१३००	३०,००		
११०	गैह्रीचौतारा जोगिडाँडा देउराली हुदैं वराहाफाँट सडक	८	१०,००		१०,००		
१११	चालिसेज्यादुल खोला रामभञ्जयाङ्ग सिढी निर्माण	८	२,००		२,००		
११२	चिलाउनेचौतारा कोलडाँडा विसेधारा खोरियापानी हुदै मोचाबारी मोटरबाटो निर्माण	८	३,००	३,००			
११३	देउरालीदेखि कोट काली जाने सिढि बाटो निर्माण तथा चण्डीथान मन्दिर संरक्षण योजना	८	२,००		२,००		
११४	वरपिपल कुवापानी माझगाउँ मोटरबाटो हिम पाईप तथा नाला व्यवस्थापन योजना	८	१,५०	१,५०			
११५	मगरगाउँ रेग्मी गाउँ सिढि निर्माण	८	१,५०		१,५०		
११६	रम्तेल गाउँ देखि मोटरबाटो सम्म सिढि निर्माण	८	१,५०		१,५०		
११७	सल्लाघारीछापबारी बाटो निर्माण तथा भिमसेन मन्दिर संरक्षण योजना	८	२,५०	२,५०			
११८	सिउँडेपानीकुवा भूवनेश्वरी कोलडाडाँ कुवापानी लाकुरी भञ्ज्याङ्ग मोटरबाटो मर्मत	८	३,००	३,००			
११९	आहलडाँडा धारापानी सडक	९	१,५०	१,५०			
१२०	इँजारपहिरे सडक निर्माण	९	२,००	२,००			
१२१	रामभञ्ज्याङ्ग अर्चले फुजेल खोला सड़क	९	४,००	४,००			
१२२	गंगटे गैह्राबारी रातमाटे सडक	९	३,००	३,००			
१२३	गुफेडाँडा जलदेवी बहीखोला सडक निर्माण	९	२,००	२,००			
१२४	गुफेडाँडाहुक्कावन तथा गुफेडाँडा बालेश्वरी सडक मर्मत	९	१,००	१,००			
१२५	चौतारीडाँडा खड्कागाउँ साउनेपानी दार्चे सडक	९	४,००		४,००		
१२६	जरेवरठाडे फुजेलखोला सडक	९	३,००	३,००			
१२७	तल्लोरिप माथिल्लो रिप जोड्ने मोटरबाटो	९	१,५०	१,५०			
१२८	पुरानो गा.वि.स. भवन फाँट मोटरबाटो	९	१,५०	१,५०			
१२९	बदेलीडाँडा ताक्ला बाँझगह्रा अर्चले सडक	९	२,००	२,००			
१३०	बर्चुलाथान रामभञ्ज्याङ्ग हुदै बुंकोटघाट सडक	९	३१,००	६००	२५,००		

गाउँ विकास योजना आ.व. २०७५/०७६

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
१३१	बर्चुलीथान ताउबन फुजेलखोला सडक	९	२,००	२,००			
१३२	माझिटार देवीटार सडक बाटो मर्मत	९	१,००	१,००			
१३३	सातदोबाटोखिदालखोला सडक	९	२,५०	२,५०			
	कूल जम्मा		६,८३,८०	८९,००	४,८८,८०	१,०६,००	

ई) वातावरण तथा विपद् व्यवस्थापन

क) वन तथा भु-संरक्षण							
१	गाउँपालिका स्तरीय नर्सरी स्थापना		५,००	५,००			
२	वन तथा वातावरण सम्बन्धी जनचेतना कार्यक्रम	३	५०		५०		
कूल जम्मा			५,५०	५,००	५०		
ख) फोहोरमैला व्यवस्थापन							
१	तेर्सेलुङ्गदेखि पुजारी गाउँ सम्म ढल निर्माण	२	१,५०		१,५०		
२	नागरिक सचेतना केन्द्र शौचालय निर्माण	२	५०		५०		
३	बनौती मा.वि. शौचालय निर्माण	२	५०		५०		
४	मनकामना फोहोर मैला संस्था अनुदान	२	१,५०		१,५०		
५	फोहोरमैला व्यवस्थापन मनकामना बजार	३	१,५०		१,५०		
६	दार्चेतीनघरे परिसरमा सार्वजनिक शौचालय निर्माण	६	१,००		१,००		
७	अबिनास स्मृति भवन सार्वजनिक शौचालय निर्माण	९	५०		५०		
८	रामभञ्ज्याङ्ग सार्वजनिक शौचालय निर्माण	९	१,००		१,००		
कूल जम्मा			८,००		८,००		
ग) विपद् व्यवस्थापन							
१	प्राकृतिक विपद एवं दैवी प्रकोष व्यवस्थापन कोष		१५,००		१५,००		
२	मर्मतसंहार तथा व्यवस्थापन कोष		१४,००			१४,००	
३	विपद् व्यवस्था तथा भैपरी आउने कोष (वडा नं. १)	१	४,००		४,००		
४	विपद् व्यवस्थातथा भैपरी आउने कोष (वडा नं. ४)	४	१०,००		१०,००		
५	विपद व्यवस्थापन तथा भैपरी आउने कोष (वडा नं. ५)	५	५,००		५,००		
६	विपद् व्यवस्थापन तथा भैपरी आउने कोष (वडा नं. ७)	७	३,५०		३,५०		
७	विपद् व्यवस्थापन तथा भैपरी आउने कोष (वडा नं. ८)	८	२,००		२,००		
८	विपद् व्यवस्थापन तथा दैवी प्रकोप उद्धार कोष (वडा नं. ९)	९	३,००		३,००		
कूल जम्मा			५६,५०	४२,५०		१४,००	

उ) संस्थागत विकास तथा सेवा प्रवाह

क) मानव संसाधन विकास							
१	मानव संसाधन विकास तथा व्यवस्थापन कोष		१,००		१,००		
कुल जम्मा			१,००		१,००		
ख) सूचना प्रविधि							
१	प्रत्येक वडा कार्यालयमा सोलार जडान तथा आई.सि.टि. व्यवस्थापन		२०,००		२०,००		

सि.नं.	कार्यक्रम र आयोजनाको नाम	कार्यान्वयन हुने स्थान	विनियोजन रु	आन्तरिक श्रोत	श्रोत		
					अन्तर सरकारी वित्तीय हस्तान्तरण		
					नेपाल सरकार	प्रदेश सरकार	स्थानीय तह
२	वडा कार्यालयमा ईन्टरनेट जडान		४,५०		४,५०		
३	वडा कार्यालयमा ईन्भर्टर तथा प्रिन्टर खरिद	वडा नं. ९	१,००		१,००		
४	विकासका लागि संचार शहिद लखन रेडियो कार्यक्रम		५,००		५,००		
५	सूचना प्रकाशन, प्रसारण विज्ञापन		५,००		५,००		
	कूल जम्मा		३५,५०		३५,५०		
ग) संस्थागत क्षमता विकास							
१	अभिलेख व्यवस्थापन तथा प्रकाशन		५,००		५,००		
२	उपभोक्ता समितिका लागि अभिमुखिकरण कार्यक्रम		९,००		९,००		
३	एकिकृत सम्पत्तिकर सम्बन्धी सफ्टवेर ईन्स्टलेसन तथा व्यवस्थापन		५,००		५,००		
४	कर्मचारी, पदाधिकारी अध्ययन अवलोकन भ्रमण		६,००		६,००		
५	कर्मचारी, पदाधिकारी क्षमता विकास कार्यक्रम		८,००		८,००		
६	गाउँपालिकाको प्रोफाईल निर्माण		२०,००		२०,००		
७	घटनादर्ता व्यवस्थापन कार्यक्रम		३,००		३,००		
८	घर नक्सापास सम्बन्धि पुस्तक, ब्रोसर छपाई		५,००	१००	४,००		
९	जग्गा व्यवस्थापन तथा खरिद		१०,००		१०,००		
१०	नक्सापास व्यवस्थापन कार्यक्रम		३,००		३,००		
११	न्यायिक व्यवस्थापन		२,००		२,००		
१२	पूर्वयोजना गोष्ठी संचालन कार्यक्रम		२,००		२,००		
१३	फर्निचर खरिद		१७,००	५,००	१२,००		
१४	मर्मत संहार योजना (भवन तता अन्य)		३०,००		३०,००		
१५	मेसिनरी औजार खरिद		१७,००	५,००	१२,००		
१६	योजना किताब छपाई		२,५०		२,५०		
१७	योजना व्यवस्थापन तथा लेखा व्यवस्थापन कार्यक्रम		३,००	३,००			
१८	राजश्व अभिवृद्धिका लागि जनतासँग गाउँपालिका कार्यक्रम		४,५०	४,५०			
१९	वार्षिकप्रगति पुस्तिका प्रकाशन		१,५०		१,५०		
२०	सवारी साधन व्यवस्थापन तथा खरिद		७३,००		७३,००		
२१	घैरुङ्ग हुलाक कार्यलय फर्निचर खरिद	६, घैरुङ्ग	२०		२०		
	कूल जम्मा		२,२६,७०	१८,५०	२,०८,२०		
घ) विविध							
१	सार्वजनिक सुनुवाई तथा सुशासन प्रवर्द्धन कार्यक्रम		५,००		५,००		
	कूल जम्मा		५,००		५,००		

९) वडा र गाउँपालिकास्तरीय अनुगमन समितिको प्रतिवेदन,
१०) सम्बन्धीत वडाको सिफारिस,
११) उपभोक्ता समितिले डोजर प्रयोग गरेको अवस्थामा
क) डोजर धनी र उपभोक्ता समितिको अध्यक्ष वीच सम्झौता पत्र
ख) डोजर संचालन भएको व्यवसायीको कर चुक्ता प्रमाण पत्र
ग) डोजर संचालनको दैनिक लक बुक
१२) उपभोक्ता समितिको नाममा बैक खाता संचालन हुनुपर्ने
१३)सम्वन्धीत योजनाको नामको छाप
१४) योजनाको भुक्तानी पाउँ भनी उपभोक्ता समितिको अध्यक्षको निवेदन ।

पुनश्च :- माथि उल्लेखित प्रक्रिया अवलम्बन गरेर योजना कार्यक्रम कार्यान्वयन गर्नुहुन सम्पूर्ण उपभोक्ता समितिहरूमा अनुरोध छ । यदि यो बमोजिमको प्रक्रिया अवलम्बनगरी आपूर्खुशी योजना कार्यान्वयन गरिएको अवस्थामा रकम भुक्तानी दिन गाउँपालिका बाध्य हुने छैन र सो प्रति जवापदेही समेत हुने छैन । यसबाट उत्पन्न हुने समस्याको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति वा व्यक्ति नै हुनु पर्नेछ ।

१६. शहिद लखन गाउँपालिका भित्रका स्वीकृत सडक मापदण्ड

शहिद लखन गाउँपालिका अन्तर्गतका सडकक्षेत्र, सिँडी गोरेटोबाटो, नदी खोल्सा, खानी क्षेत्र, पुरातात्विक एवं सार्वजनिक महत्वका संरचना (जस्तैः गुम्वा, मन्दिर, मस्जिद आदि) भएका क्षेत्रवरपर घर तथा अन्य संरचनाहरु निर्माण गर्ने प्रयोजनका लागि छोड्नु पर्ने दुरी निम्न बमोजिम हुने गरी मापदण्ड निर्धारण गरीएको छ ।

क) सडक तर्फ

सि.नं.	सडकको नाम	सडकले छुने वडाहरु	सडकको मापदण्ड	सेटब्याक	घररभौतिक संरचना बनाउदा सडकको केन्द्रभागबाट छोड्नुपर्ने जम्मा दुरी (टप ननिकाल्ने भएमा)	घर र भौतिक संरचना बनाउदा सडकको केन्द्रभागबाट छोड्नुपर्ने जम्मा दुरी (टप निकाल्ने भएमा)	कैफियत
१	दुङ्गागाडे, खाव्दी भञ्ज्याङ्ग नामजुङ्ग, घैरुङ्ग, तीनमाने मनकामना सडक	२,३,४, ५,६,७ र ९	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
२	अबुवा मनकामना सडक	१	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
३	बक्राङ्ग ग्रामिण सडक	१	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
४	स्याउली मनकामना मोटर बाटो	१	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
५	दोभान बनौती ढाँडबारी बसपार्क सडक	२	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
६	नयाँ धारा भाते चौर ताक्लुङ्ग सिमाना सडक	२	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
७	नयाँ धारा बक्राङ्ग साधखोला सडक	२	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
८	रामशाह घाट बनौति हुदै मनकामना मोटरबाटो	३	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
९	त्रिवेणी देखि मनकामना मोटरबाटो	३	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१०	करन्टार, नाम्जुङ्गटार, ओखर्ले हुदै मनकामना मोटरबाटो	३	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
११	जुम्ली चौतारा बाँझगङ्गा बुङ्गर मोटरबाटो	४ र ५	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१२	आर्लाङ्दी चोक देखि ठेउवाटार	४	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	

सि.नं.	सडकको नाम	सडकले छुने वडाहरु	सडकको मापदण्ड	सेटब्याक	घररभौतिक संरचना बनाउदा सडकको केन्द्रभागबाट छोड्नुपर्ने जम्मा दुरी (टप ननिकाल्ने भएमा)	घर र भौतिक संरचना बनाउदा सडकको केन्द्रभागबाट छोड्नुपर्ने जम्मा दुरी (टप निकाल्ने भएमा)	कैफियत
१३	लुदीखोला, गुर्दुम, मास्किछाप, तिनमाने सडक	५	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१४	नाम्जुङ्ग हुक्का वन खगी दार्चेहुँदै बतासे भञ्याङ्ग मोटरबाटो	६	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१५	ज्यामिरस्वाँरा देउराली हुँदै मनकामना जाने रानागाउँ देखितिनमाने भञ्याङ्ग मोटर बाटो	६	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१६	बुंकोट ओह्याक, रानीस्वारा तिनघरे चिसोपानी हुँदै तिनमाने भञ्याङ्गमोटरबाटो	६	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१७	ढुङ्गागाढे ज्यादुलखोला बाहबिसे बेलठाटी कृषि सडक	७	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१८	पोखरी डाँडा शहिद लखन स्मारक हुदै चौतार डाँडा, राम भञ्ज्याङ्गबेनिघाट सडक	७ र ९	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
१९	गैरी चौतारा हटिया मैलुङ्ग बेल ठटी सडक	८	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
२०	बर्चुलीथान रामभञ्ज्याङ्ग बुंकोटघाट सडक	९	८ मिटर	१.५ मिटर	९.५ मिटर	१०.५ मिटर	
२१	दशकिलो मैदान वडा कार्यालय सडक	१	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२२	विरेनचोक पुरानोगाउँ मैदान मोटरवाटो	१	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२३	लक्ष्मी वजार साठीमुरे सिउरेनी मोटरवाटो	१	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२४	सिलिङ्गटार मनकामना मोटरबाटो	३	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२५	दोभान कल्लेरी, आरुवोट हुदै मनकामना सडक	३	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२६	ज्याप्राड देखि दार्सिड मोटर बाटो	३	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२७	वनौती देखि चौतारो मोटरबाटो	३	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२८	आँपढाण देखि बनौतीगाउँ मोटरबाटो	३	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
२९	पाउसेल चौतारो देखि चिहानडाँडा चौतारो मोटरबाटो	३	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३०	देउरालीछाप, भैसेपोल, आलाङ्गदी मन्दिर, पोखरीडाडा तोरेन सडक	५	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३१	तिनमाने, काहुले, गुर्दुम, मास्किछाप, नाके पहरा सडक	५	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३२	लुदिखोला भालेढुंगा, अधेरी हुदै शहिद स्मारक खेलकुद मैदान मोटरवाटो	६	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३३	खगी दार्चे हुदै बतासे भञ्याङ्ग मोटरवाटो	६	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३४	खाब्दी भञ्याङ्ग तिवारी गाउँहुदै ज्यादलखोला कृषि सडक	७	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३५	नकाली, गरुजागाउँ सुसारेगाउँ लुदीफाँट कटिङ्ग खोला, ढकार खोला हुदै मास्कीछाप सडक	७	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	

सि.नं.	सडकको नाम	सडकले छुने वडाहरु	सडकको मापदण्ड	सेटब्याक	घरैरभौतिक संरचना बनाउदा सडकको केन्द्रभागबाट छोड्नुपर्ने जम्मा दुरी (टप ननिकाल्ने भएमा)	घरै र भौतिक संरचना बनाउदा सडकको केन्द्रभागबाट छोड्नुपर्ने जम्मा दुरी (टप निकाल्ने भएमा)	कैफियत
३६	गैरी चौतारा जोगिडाँडा देउराली छविसे कुमालटारी हुँदै खाब्दीभञ्ज्याङ्ग सडक	७ मिटर	१.५ मिटर	८.५मिटर	९.५ मिटर	९.५ मिटर	
३७	खड्का गाउँ चौतारा डाडाँ सडक	९	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३८	गुफेडाडाँ जलदेवी सडक	९	७ मिटर	१.५ मिटर	८.५ मिटर	९.५ मिटर	
३९	तल्लो पोखरी खान्चोक शहिद मार्ग मोटर बाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४०	सानो दिप्लिङ कात्तिके नेपगान मोटरवाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४१	भैंसेचौर आलेगाउँ मोटबाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४२	सल्लेरी ढुसुरे मोटरबाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४३	बक्राङ्गवेशी मोटरवाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४४	महेन्द्र शक्ति सानोदिप्लीङ्ग सडक	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४५	विन्ध्यावासीनी घोन्द्रे गाउँ मोटरबाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४६	साँधखोला वक्रेश्वरी मोटरबाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४७	वेलडाँडा गंगटे मोटरवाटो	१	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४८	ढाडवारी धारापानी नयाँधारा सडक	२	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
४९	ढाडवारी निनघरे सडक	२	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
५०	नयाँधारा पुरानो हुलाक केबुलकार कम्पाउण्ड कोलडाडा वेतेनी सडक	२	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
५१	भातेचौर वक्रेश्वरी मन्दिर सडक	२	५ मिटर	१.५ मिटर	६.५ मिटर	७.५ मिटर	
